म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १२५ सोमबार, १ पुस २०८१ ने. सं. ११४५ थिलागा 16 December 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## हत्या आशंकामा तीन युवक पक्राउ

हेटौंडा, ३० मंसिर/कुटपिट गरेर हत्या गरेको आरोपमा जिल्ला प्रहरी कार्यालय मकवानपुरले तीनजना युवकलाई मकवानपुरबाट पक्राउ गरेको छ । जिल्लाको राक्सिराङ गाउँपालिका-५ इञ्चराङस्थित चैनपुरबाट काँकडा जाने भित्रि सडकमा बारा अमलेखगञ्जका २१ वर्षीय समिर सुनारको शव शुक्रबार फेला परेको थियो । उनको टाउकोमा चोट र नाकमुखबाट रगत बगिरहेको अवस्थामा प्रहरीले मृत फेला पारेको थियो ।

उनको मृत्यु शंकास्पद देखिएपछि अनुसन्धानको क्रममा तीनजनालाई नियन्त्रणमा लिइएको मकवानपुरका प्रहरी प्रवक्ता श्यामु अर्यालले बताए । प्रहरीले पक्राउ परेका तीनैजना मृतक सुनारसँग हिँड्ने साथी भएको बताएको छ । पक्राउ गरिएका व्यक्तिसँग सोधपुछ गर्ने कार्य भइरहेकाले प्रहरीले नाम भनेसार्वजनिक गरेको छैन ।

# हेटौंडा क्याम्पसको १६ औं क्याम्पससभा सम्पन्न

साझाकुरा संवाददाता




हेटौंडा, ३० मंसिर/ हेटौंडा क्याम्पसको स्तरोन्नति गर्ने कुरामा आफूले सक्दो सहयोग गर्ने सरकारका प्रमुखसचेतक महेश बर्तौलाले बताएका छन् । हेटौंडा क्याम्पसको १६ औं क्याम्पससभाको उद्घाटनलाई सम्बोधन गर्दै सांसद बर्तौलाले हेटौंडा क्याम्पसको योजनालाई टुङ्गोमा पुऱ्याउन आफ्नो तर्फबाट सहयोग गर्न सकिने बताए ।

३ तहका सरकार रहेको र स्थानीय सरकार आफैंले पूर्वाधारको विकासका लागि सहयोग गर्नेसक्ने बताउँदै सांसद बर्तौलाले क्याम्पस सञ्चालन गर्ने सन्दर्भमा स्रोतसाधनको उचित व्यवस्थापनमा सबै एक हुन आग्रह गरे । समाजको सकारात्मक दृष्टिकोणले क्याम्पस सञ्चालनको सन्दर्भमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने उनको धारणा थियो । उच्चशिक्षाको विकासलाई मात्र मूल्यांकन नगरेर प्रविधिमैत्री र जीवनउपयोगी शिक्षाको वातावरण सिर्जना गर्नुपर्ने धारणा सांसद बतौलाको थियो ।

नेपालका अधिकांश उच्चशिक्षा अध्यापन गराइने कलेजमा विद्यार्थीसंख्या दिनानुदिन घट्दै गइरहेको सन्दर्भमा सांसद बर्तौलाले क्याम्पसमा आवद्ध प्राध्यापक तथा सञ्चालकले क्याम्पसमा बढी भन्दा बढी विद्यार्थीको आर्कषण कसरी बढाउन सकिन्छ भन्नेतर्फ लाग्नुपर्ने बताए । राष्ट्रियको आवश्यकताअनुसार इन्जिनियरिङ, शिक्षा, चिकित्सा क्षेत्रमा उच्चशिक्षा दिने शैक्षिक संस्थाले गरेको उत्पादन मार्केटमा मागअनुसारको रहे नरहेको पनि हेर्नुपर्ने सांसद बर्तौलाको धारणा थियो । विद्यालय तथा क्याम्पसको शैक्षिक वातावरणमा सुधार ल्याउनका लागि प्राध्यापकको मात्र नभइ सञ्चालक समितिका पदाधिकारी र विद्यार्थीको पनि महत्वपूर्ण भूमिका हुनुपर्ने उनले बताए ।

क्याम्पस सञ्चालक समितिका अध्यक्ष आन्नदराम पराजुलीको सभाध्यक्षमा भएको क्याम्पससभामा क्याम्पस प्रमुख देबीराम लामाले गत आर्थिक वर्ष २०८०/८१ मा ४ करोड ८८ लाख ५ हजार रुपैयाँ आय, ५ करोड २२ लाख ४ हजार रुपैयाँ व्ययको प्रतिवेदन पेश गरेका थिए । चालु आर्थिक वर्ष २०८१/८२ मा ६ करोड १२ लाख ५८ हजार रुपैयाँको आय-व्यय विवरण अनुमानित गरिएको सभामा बताइएको छ । क्याम्पसको विविधखर्च १५ लाख १५ हजार रुपैयाँ, चालु खर्च ४ करोड ९६ लाख ५८ हजार रुपैयाँ, पूँजीगत खर्च १ करोड १६ लाख र कूल व्यय रकम (चालुखर्च र पूँजीगतखर्च) ६ करोड १२ लाख ५७ हजार रुपैयाँ रहेको छ ।

कार्यक्रममा बागमती विश्व विद्यालयका अध्यक्ष प्रा.डा. चन्द्रमणि पौडेल, उपाध्यक्ष कुशुम सुवेदी, जिल्ला समन्वय समिति मकवानपुर प्रमुख ललितकुमार घलान, राष्ट्रिय परीक्षा बोर्ड हेटौंडाका प्रमुख कृष्णप्रसाद घिमिरे, नेपाल बार एसोसिएसन मकवानपुरकी अध्यक्ष अप्सरा बस्नेत, स्ववियु हेटौंडा क्याम्पस कमिटीका अध्यक्ष अभि मैनालीलगायतको सहभागिता रहेको थियो । यो क्याम्पसले वि.स. २०८० सालमा विश्वविद्यालय अनुदान आयोगबाट क्यूएए प्राप्त गरी गुणस्तरीय शिक्षामा आफूलाई अब्बल सावित गर्ने काम गरिरहेको छ ।

हेटौंडा क्याम्पसबाट शैक्षिकसत्र २०७७-/८० मा शिक्षाशास्त्र संकाय स्नातक तहको बाह्य परीक्षामा सम्मिलित भई ५३.६८ प्रतिशत प्राप्तांक सहित क्याम्पस प्रथमस्थान हासिल गर्न सफल हुने गायत्री नेपाल, ५३.६४ अंक ल्याएर द्वितीय हुने अन्जन चौलागाई, ५२.५५ प्रतिशत अंक ल्याएर तृतीय हुने सोमराज बोम्जनलाई नगद सहित सम्मानपत्र प्रदान गरिएको थियो ।

शिक्षाशास्त्र शंकायको स्नातक तहको बाह्य तहको परीक्षामा सहभागी भइ ५३.२७ प्रतिशत प्राप्त अंक सहित तृतीय हुने अस्मित सिन्तान, व्यवस्थापन संकायबाट स्नातक तहको परीक्षाबाट ५६.५० प्रतिशत प्राप्तांक सहित द्वितीय हुने सुनिता सुवेदी र ५९.८५ प्रतिशत प्राप्तांक ल्याउँदै व्यवस्थापन संकायबाट क्याम्पस प्रथम हुने मुस्कान घलानलाई नगद पुरस्कार तथा सम्मानपत्र प्रदान गरिएको छ ।

वि.स.२०४५ सालदेखि दुईवर्षसम्म रत्नज्योति क्याम्पस काठमाडौंको शाखाको रुपमा संचालन भएपनि वि.स.२०४७ सालबाट हेटौंडा क्याम्पसको रुपमा निरन्तर संचालन भइरहेको छ । समाजका निम्नमध्यम वर्गीय अभिभावकका सन्ततिलाई शिक्षा सास्त्र अध्यापनका लागि यो क्याम्पसले उच्चशिक्षा प्रदान गरि रहेको छ । वि.स. २०५३ मा त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी शिक्षाशास्त्र संकाय र वि.स. २०७७ मा व्यवस्थापन तथा मानविकि संकायको सम्बन्धन प्राप्त गरी ४ वर्षे स्नातक र शिक्षाशास्त्र संकायमा वि.स. २०६४ मा २ वर्षे स्नातकोत्तर तह (सेमेष्टर प्रणाली अन्तर्गत) को सम्बन्धन प्राप्त गरी कक्षा सञ्चालन गरिरहेको छ ।

# मनकामना वनको भेला, ३ दर्जन बढी विद्यार्थीलाई सम्मान

साझाकुरा संवाददाता



हेटौंडा, ३० मंसिर/ मनकामना सामुदायिक वन उपभोक्ता समूहको वार्षिक साधारणभेला सम्पन्न भएको छ । शनिवार मकवानपुर गढी-४, कुसुमटारस्थित मनकामना माध्यमिक विद्यालयको प्रांगणमा समूहको २३ औं वार्षिक साधारण भेला सम्पन्न भएको हो ।

समूहको भेलाले साधारण सदस्यका विद्यार्थीलाई शैक्षिक सामग्री वितरण तथा सम्मान गरेको छ । ज्वालादेवी आधारभूत विद्यालयका ५ जना, प्रतिभा आधारभूत विद्यालयका ५ जना र मनकामना माविका २० जना गरिब तथा जेहेन्दार विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरेको हो । जसमा, ज्वालादेवी आविका युनिका मोक्तान, युनिषा मोक्तान, पुनम मोक्तान, अभिषेक बल र स्मृति मुक्तानले शैक्षिक सामग्री पाएका हुन् । यस्तै, भेलाले प्रतिभा आविका आकृति स्याङ्तान, युनिक विक, प्रवीन योन्जन, रेश्मा मोक्तान र स्वीकृति मोक्तानलाई शैक्षिक सामग्री वितरण गरिएको थियो ।

भेलाबाट मनकामना माविका शैक्षिक सामग्री पाउनेमा जनिता पुडासैनी, अमर स्याङतान, आर्यान स्याङतान, विशाल लोप्चन, बसन्ती सिन्तान, अनिता स्याङतान, सन्जय लोप्चन, रितु सन्तान, पूर्णिमा स्याङ्तान, अंकित घलान, अनिशा घलान, निरुता स्याङतान, रेसु थिङ, मनिष घलान, मनिषा मोक्तान, रितु थिङ, रोशन घलान, राजकुमार थिङ, रमित लोप्चन र लक्ष्मण लोप्चन लगायत विद्यार्थी रहेका छन् ।

यस्तै, भेलाले समूहका साधारणसदस्यका एसईईमा उत्तीर्ण विद्यार्थीलाई प्रोत्साहनस्वरुप नगदसहित सम्मान गरेको थियो । जसमा एसईईमा उत्तीर्ण युकेश लामा, अस्मिता वाईबा, सुस्मिता सुवेदी, निशा मुक्तान, जेनिशा सापकोटा, सलिना हुमागाईं र सुदीक्षा हुमागाई गरी ८ जना विद्यार्थीलाई नगद सहित सम्मान गरिएको हो ।

मक्वानपुरगढी गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङ्तानको प्रमुख आतिथ्यता रहेको भेला कार्यक्रममा मकवानपुरगढी ४ नम्बर वडाअध्यक्ष अर्जुन प्रसाद तिमल्सिना, सब डिभिजन वन कार्यालय मकवानपुर गढी वनअधिकृत निश्चल घिमिरे, सामुदायिक वन उपभोक्ता महासंघ मकवानपुरगढी अध्यक्ष बलराम अधिकारी, सब डिभिजन वन कार्यालय मकवानपुरगढी फरेष्टर देवेन्द्र सञ्जेल, पूर्ववडाअध्यक्ष रामप्रसाद तिमल्सिना, सामुदायिक वनका प्रतिनिधि, टोल विकास संस्थाका प्रतिनिधि, शिक्षक, विद्यार्थी, अभिभावक, संस्थाका सल्लाहकार तथा साधारण सदस्यको उपस्थिति थियो । भेला कार्यक्रम समूहका अध्यक्ष सर्कलाल लोको सभाध्यक्षतामा सम्पन्न भएको हो ।

# बकैयामा ट्रक पल्टिँदा दुईजना घाइते

साझाकुरा संवाददाता



हेटौंडा, ३० मंसिर/ मकवानपुरको बकैया गाउँपालिकामा ट्रक दुर्घटनामा दुइ जना घाइते भएका छन् । बकैया गाउँपालिका-५ तीनतल्लेस्थित मदन भण्डारी लोकमार्गमा ट्रक दुर्घटना हुँदा दुइजना घाइते भएका हुन् ।

हेटौंडाबाट फापरबारीतर्फ सिमेन्ट लोड लिई जाँदै गरेको ना ५ ख ४६५६ नम्बरको ट्रक सडकको बायाँ साईडमा पल्टी दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक श्यामु अर्यालले बताए । ट्रकमा अचानक ब्रेक फेल भई दुर्घटना भएको हो ।

दुर्घटनामा ट्रकचालक हेटौंडा-१४ मयुरधाप बस्ने ४० वर्षीय रबि थापामगर र ट्रकमासवार उनको छोरा १३ वर्षीय रिहान थापामगर घाइते भएका हुन् । उनीहरुको हेटौंडा अस्पतालमा उपचार भइरहेको छ ।

# हेटौंडामा पनि किराँत समुदायले उधौली पर्व मनाए

साझाकुरा संवाददाता



हेटौंडा, ३० मंसिर/ प्रकृतिको पूजा गरी हेटौंडामा पनि किराँत समुदायले उधौली पर्व मनाएका छन् । किराँत देवास राई उत्थान समाज नेपाल, जिल्ला कार्यसमिति मकवानपुरको आयोजनामा उधौली साकेला सिली २०८१ अर्थात यले सम्बत् ५०८४ को अवसरमा हेटौंडा-६ चौघडास्थित पिसपार्कमा प्रकृतिको पूजा गर्दै पर्व मनाएका हुन ।

किरात देवास राई उत्थान समाज नेपालका केन्द्रीय अध्यक्ष आस्मान राईको प्रमुख आतिथ्यता एवम् हेटौंडा उपमहानगर पालिका उपमेयर राजेश बानियाँको विशेष आतिथ्यतामा आइतबार शुभकामना आदानप्रदान भएको हो । कार्यक्रममा अध्यक्ष राईले राजनीतिक र आन्तरिक कारणले किरात समुदाय पछाडि परेको बताए ।

मकवानपुरगढी, चिसापनीगढीलगायतका किराँतीले राज्य गरेको गढीको संरक्षणमा एकजुट हुनुपर्नेमा उनले जोड दिए । राज्यको महत्वपूर्ण निकायमा किराँतीको प्रतिनिधित्व नहुनु दुःखदायी भएको उनको भनाई छ ।

यसैगरी कार्यक्रममा बोल्दै उपमेयर बानियाँले किराँत समुदायलाई संविधानले नै मुलबासी भनेर पहिचान गरेको जिकिर गरे । विगतमा व्यवस्था परिवर्तनको लागि किराँत समुदायको महत्वपूर्ण भूमिका रहेको उनले बताए । शिक्षा र कृषिको विकास गरी किराँतीको अवस्था परिवर्तनमा लाग्नुपर्ने बेला आएको उपमेयर बानियाँको भनाई छ ।

समितिका मकवानपुर अध्यक्ष बद्रीबहादुर राईको सभाध्यक्षतामा भएको कार्यक्रममा ६ नं. वडाका वडाअध्यक्ष विष्णुबहादुर दाहाल, पूर्ववडाअध्यक्ष अर्जुनप्रसाद चौलागाई, केन्द्रीय उपाध्यक्ष रामबहादुर राईलगायतको आतिथ्यता रहेको थियो । कार्यक्रममा चण्डिनाच, च्याब्रुङनाच, ढोलनाच लगायत नाचपनि प्रस्तुत गरिएको थियो । यो पर्व ऋतु परिवर्तनसँगै वर्षमा दुईपटक धूमधामका साथ मनाउने गरिन्छ । वैशाखशुक्लपूर्णिमा अर्थात् वसन्त ऋतुमा उभौली र मंसिर शुक्लपूर्णिमा अर्थात् शरद् ऋतुमा उधौली पर्वकारुपमा मनाउने परम्परा रहिआएको छ ।

# राप्ती खोलामा ब्लोनको शव फेला

साझाकुरा संवाददाता

हेटौंडा, ३० मंसिर/ हेटौंडा उपमहानगरपालिका वडा नं. १, जरुवाटोलको राप्ती खोलामा शनिबार एक पुरुष व्यक्तिको मृतअवस्थामा फेला परेका छन् ।

हेटौंडा उपमहानगर पालिका वडा नं. १, लालझाडी बसोबास गर्ने ३५ वर्षीय राजकुमार ब्लोनको शव फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । मृतकको काकाको छोरा उत्तम ब्लोनले उनलाई पहिचान गरेका हुन् । मृतक राजकुमार मानसिक सन्तुलनमा केही समस्या रहेको परिवारले जनाएको छ ।

प्रहरीका अनुसार उनको शव ढुंगामा अड्किएको र घोप्टो अवस्थामा रहेको थियो । शव भेटिएको खबर प्राप्त भएलगत्तै थप अनुसन्धान र मुचुल्का प्रक्रिया अघि बढाइएको छ । शवको मुचुल्का प्रक्रिया पूरा गरी पोष्टमार्टमको लागि हेटौंडा अस्पताल पठाइएको छ । घटनाको विषयमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

# भीरबाट लडेर एकजना घाइते



साझाकुरा संवाददाता

हेटौंडा, ३० मंसिर/ हेटौंडा उपमहानगरपालिका-१ थाकलडाँमा भीरबाट लडेर एकजना घाइते भएका छन् । घाइते हुनेमा स्थानीय २५ बर्षीया तारा रुम्बा रहेका छन् ।

बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका अनुसार रुम्बा आफ्नै घरबाट करिब २०० मिटर पूर्वतर्फ रहेको जंगलमा घाँस काट्ने क्रममा अचानक २०/२५ फिट तल भीरबाट लडिन् । घटनाका कारण उनको टाउकोमा गहिरो चोट लागेको छ ।

घटनापछि उनलाई तुरुन्तै स्थानीयले उद्दार गरी हेटौंडा अस्पतालमा गम्भीर अवस्थामा उपचारका लागि पुऱ्याएका थिए । अस्पताल स्रोतले उनको स्वास्थ्यअवस्था नाजुक रहेको र विशेष उपचारको तयारी भइरहेको जानकारी दिएको छ । प्रहरीले घटनाको प्रारम्भिक अनुसन्धान सुरु गरेको छ ।

# बुद्धचोकबाट एकजना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ३० मंसिर/ मकवानपुरको हेटौंडाबाट प्रहरीले शनिबार लागूऔषधसहित एकजनालाई पक्राउ गरेको छ । प्रहरीले हेटौंडा उपमहानगरपालिका-१० बुद्धचोकबाट नियन्त्रित लागूऔषध ट्रामाडोल २३ ट्याब्लेट र फेनारगन २३ एम्पुल सहित एकजनालाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा मकवानपुर गढी गाउँपालिका-२, फूलबारी बस्ने ४३ वर्षीय साकार दाहाल रहेका छन् । उनलाई जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरीले लागूऔषधसहित पक्राउ गरेको हो । पक्राउ परेका उनीमाथि प्रहरीले आवश्यक अनुसन्धानका साथै कानूनी प्रक्रिया अगाडि बढाएको छ ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

हाम्रो कुरा

# खोलामा विषादि रोक

मकवानपुरगढीको सामरी खोलामा माछा मार्न विष प्रयोग गरिएको घटना नौलो होइन । मकवानपुरको मनहरी, लोथर, राप्ती, सामरी, सिमात, बकैया, कालीखोला, गोराङ्दी खोलामा वर्षौंदेखि बिषादि हालेर माछा मार्ने गरिएको छ । कुनै समय जिल्ला विकास समितिले माछाको टेण्डर लगाउने गरेको थियो । त्यो समयमा पनि खोलामा बिषादि हाल्ने, करेन्ट लगाउने, बिष्पोटक पदार्थ पड्काउने गरेकै हो । यो क्रम अहिले पनि रोकिएको छैन । स्थानीय सरकारले जलचर संरक्षणको कुरा बुझेकै छैन वा बुझ पचाएर बसेको हो ? जलचर संरक्षण नगर्ने हो भने भाबि दिनमा ठूलो संकट निम्तिन सक्छ भन्ने कुरा कस्ले बुझाइदिने ? विषादिको प्रयोगले माछासँगै खोलामा रहेका जलजन्य जीवहरु सबै नष्ट भएका छन् । नेपालको प्रचलित कानुनले नदीमा विषादि प्रयोग गर्न प्रतिबन्ध लगाएको भएपनि स्थानीय प्रशासनसँगको मिलेमतोमा माछा मार्नेले विषादि प्रयोग गरिरहेका छन् ।

मकवानपुरको प्रमुख नदीमध्येको एक सामरी खोलामा ठूलो मात्रामा विषादि प्रयोग हुँदा माछा, भ्यागुता तथा अन्य जलचर नष्ट भएका छन् । केहीदिन अघि करिब ३० जनाको संख्यामा आएको समूहले राति नै बिष हालेर रातभर माछा मारेको र विहानीपख करिब ३० बोरा माछा लिएर गएको स्थानीयले बताएका छन् । विषादि प्रयोग गर्ने समूहको पहिचान हुन सकेको छैन । खोला नजिकै धादिङबजारमा प्रहरीचौकी छ । तर, खोलामा पटकपटक विषादिको प्रयोग हुँदा समेत प्रहरी बेखबर जस्तै देखिएको छ । माछा खान पाउने भएपछि प्रहरीकै मिलेमतोमा खोलामा विषादिको प्रयोग भएको स्थानीयको गुनासो छ । नदीमा कुन विषादि हालिएको हो भन्ने सम्बन्धी तथ्यहरु खुल्न सकेको छैन । माछा तस्करले मानवस्वास्थ्यका लागि हानिकारक विषको प्रयोग गरेर ठूलो परिमाणमा माछा मारेर लगेकोले स्थानीयले बताएका छन् । बिषादि हालेर माएिको माछा हेटौंडा तथा काठमाडौंमा बिक्रीका लागि लैजान सक्ने भएकोले तत्कालै प्रशासनले आवश्यक छानवीन गरी कारबाहीको प्रक्रिया अगाडि बढाउनुपर्ने स्थानीयको माग छ । झट्ट हेर्दा खोलामा बिषादि प्रयोग गरेर माछा मार्ने काम सामान्य लाग्न सक्छ तर, यसको दीर्घकालीन असर जनस्वास्थ्यदेखि जैबिकि बिबिधतासम्म पर्छ । खोलाको रैथाने जातका माछा उपभोग गर्नेले हेर्नेबित्तिकै माछा चिन्छन् र पोखरीमा पालिएका माछा भन्दा धेरै रकम तिरेर खोलाको रैथाने माछा खरिद गर्ने गरेका छन् उपभोक्ताले । बिषादि हालेर मारिएको माछा उपभोग गर्दा उनीहरुको स्वास्थ्यमा नराम्रो प्रभाव पर्न सक्छ ।

पैसा तिरेर पनि बिषादि उपभोग गर्न बाध्य भएको उपभोक्ताको बारेमा कस्ले आवाज उठाउने ? अर्कोतर्फ हाम्रा नदीनालामा रहेको रैथाने जातका माछा लोप भएपछि त्यसको प्रभाव कस्तो पर्छ ? पछिल्लो चार दसकयता राप्ती खोलाबाट १६ प्रकारका रैथाने माछा लोप भइसकेको एक अध्ययनले देखाएको छ । उपभोक्तालाई लोकल माछा मन पर्ने, माछा मार्नेलाई बिषादि हालेर वा बिष्फोट गराएर वा करेन्ट लगाएर माछा मार्दा थोरै समयमा धेरै माछा मार्न सकिने भएपछि बिषादिको प्रयोग कसरी रोकिन्छ ? यसअघि पनि नदीमा करेन्ट लगाएर माछा मारिएको विषयमा स्थानीय प्रहरीलाई फोन गरेर जानकारी गराउँदा प्रहरीले त्यसलाई बेवास्था गर्दै आएको स्थानीयबासीको गुनासो छ । सामरी खोलाको माछा मार्न जैविक विविधता नै नष्ट हुने गरी विषादिको प्रयोग गर्दा समेत स्थानीय प्रशासन मौन देखिएको हो । आधारातमा विषादि हालेर ३० जनाभन्दा बढीको समूह खोलामा पसेर माछा मार्दा समेत प्रशासनले बेवास्था गरेको भन्दै स्थानीयले आक्रोश पोखेका छन् । जिल्ला प्रहरी कार्यालय मकवानपुरले घटनाबारे ध्यानाकर्षण भएको जनाएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८१ पुस २ गते मंगलबार १७ डिसेम्बर २०२४ । द्वितीया, पौष कृष्णपक्ष । थिलागा ११४५ ने.सं. । सूर्योदय ६:५०, सूर्यास्त ५:१० ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाव बढ्नेछ | तुला | : आनन्दको महसुस हुनेछ |
| वृष | : मनमा छट्पटि बढ्नेछ | वृश्चिक | : मन चञ्चल हुनेछ |
| मिथुन | : शत्रु पराजय हुनेछ | धनु | : मान-सम्मान बढ्नेछ |
| कर्कट | : बुद्धि र पराक्रम बढ्नेछ | मकर | : धन लाभ हुनेछ |
| सिंह | : नातागोतासँग भेटघाट हुनेछ | कुम्भ | : व्यापार-व्यवसायमा उन्नति हुनेछ |
| कन्या | : रोकिएको कामहरु बन्नेछ | मीन | : नबोली बस्दा राम्रो हुनेछ |

# विश्वसामु गरिएका सरकारी प्रतिबद्धता र सडक दुर्घटनाको अवस्था



✍ डा. बद्रीप्रकाश ओझा

आगामी जनवरी १८ देखि २० सम्म मोरक्कोमा चौथो विश्व सडक सुरक्षा मन्त्रीस्तरतीय सम्मेलन हुँदै छ । तीन दिन चल्ने उक्त सम्मेलनमा एक सय ९३ देशका दुई सय ६० वक्ता रहने तय गरिएको छ । सम्मेलन स्थलमा दुई हजार पाँच सय सहभागीका लागि बस्ने कुर्सीको व्यवस्था गरिएको छ । यसअघिको सम्मेलन सन् २०२० को जनवरी १९ र २० मा स्टकहोममा भएको थियो । त्यस सम्मेलनमा नेपालका मन्त्रीको पनि सहभागिता थियो । उक्त सम्मेलनमा विश्व सडक सुरक्षा दशक (२०२१-२०३०) लागु गर्ने प्रतिबद्धता व्यक्त गरियो । उक्त प्रतिबद्धता अनुरूप कार्ययोजना पनि तय गरिएको थियो ।

कार्ययोजनामा सन् २०३० भित्र विश्वमा सडक दुर्घटनामा ५० प्रतिशतले कमी ल्याई सडकका कारण हुने मृत्यु तथा अंगभंग हुने दरमा पनि ५० प्रतिशतले कमी ल्याउने प्रतिबद्धता व्यक्त गरिएको थियो । त्यसमा नेपालले पनि प्रतिबद्धता व्यक्त गर्‍यो । यसपालि पनि पक्कै प्रतिबद्धता दोहोरिएला । सन् २००७ मा दक्षिण कोरियाको बुसान सहरमा आयोजित पहिलो विश्व मन्त्रीस्तरीय सम्मेलनमा पनि नेपालले सडकसँग सम्बन्धित दुर्घटनाबाट ज्यान गुमाउनेको संख्यामा आधा कटौती गर्ने प्रतिबद्धता व्यक्त गरेको थियो । त्यतिबेला नेपालमा वार्षिक आठ सय मानिसको ज्यान सडकसँग सम्बन्धित दुर्घटनाका कारण गएको थियो ।

उता विदेशी सम्मेलनमा सरकारले प्रतिबद्धता व्यक्त गर्दै गयो, यता सडकमा सवारी चाप बढ्दै गयो । ग्रामीण क्षेत्रमा 'डोजर इन्जिनियरिङ'मा आधारित सडक विस्तार हुँदै गए । सहरी क्षेत्रमा जग्गा कारोबारीले बनाएका नागबेली सडकहरू थपिँदै गए । ती सडक र अस्तव्यस्त योजनामा सरकारको खासै चासो भएन । दैनिक रूपमा बिक्री हुने एउटै जमिनको टुक्राबाट सरकारले कर असुल्दै गयो । आर्थिक अवस्थामा सुधारसँगै सडकमा सवारी-साधन पनि थपिनु अस्वाभाविक होइन । हरेकपटक सहरी योजनाका कुरा चल्छन् तर नयाँ जग्गा प्लानिङलाई सरकारी तवरबाट नियमन गरिएन । फलस्वरूप नयाँ बस्तीहरू पनि अस्तव्यस्त नै बने । अनावश्यक जग्गा अतिक्रमको परिणाम त अस्तिको बाढीले देखाइदियो ।

सरकारी प्रतिबद्धता बढ्दै गए तर सडकमा ज्यान गुमाउनेको संख्या घट्नुको साटो बढ्दै गयो । एक दशक (सन् २००७-२०१७) को अन्तरालमा सडक दुर्घटनामा परी ज्यान गुमाउनेको संख्या २५ सय नाघ्यो । सरकारले ढुक्कसँग तथ्यांक सार्वजनिक गर्‍यो– नेपालमा प्रतिलाख जनसंख्यामा ८.५९ जनाको ज्यान सडक दुर्घटनाका कारण जाने गर्छ । उसै बेला विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले भन्यो, 'नेपालमा प्रतिलाखमा १५.९ जनाको ज्यान सडक दुर्घटनाबाट जाने गर्छ ।'

सन् २०१० को संयुक्त राष्ट्रसंघीय महासभाको प्रस्ताव, सन् २०१५ मा ब्राजिलमा आयोजित दोस्रो मन्त्रीस्तरीय सम्मेलन, सन् २०२० मा तेस्रो मन्त्रीस्तरीय सम्मेलन सबैमा नेपालको प्रतिबद्धता व्यक्त हुने क्रम जारी छ, काममा भने खासै प्रगति देखिँदैन । तेस्रो मन्त्रीस्तरीय सम्मेलनले तय गरेको कार्ययोजना लागु गर्ने अवधिमध्ये ५० प्रतिशत समय बितिसकेको छ । हालसम्म नेपालले दुईवटा कामको सुरुवात गरेको छ– १) नाम मात्रकै भए पनि राष्ट्रिय सडक सुरक्षा परिषद्को गठन । २) दशक स्तरीय कार्ययोजना ।

सरकारले २०७३ सालमा सडक सुरक्षा परिषद् गठन तथा सञ्चालन आदेश स्वीकृत गरी संस्था स्थापना गर्‍यो । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिवको अध्यक्षतामा परिषद् गठन गरी सञ्चालन निर्देशिका पनि जारी गर्‍यो । परिषद्मा तालुक मन्त्रालयसहित गृह, अर्थ, स्वास्थ्य, शिक्षा, रक्षा तथा नेपाल प्रहरीका अधिकारीसँगै यातायात व्यवसायी र विज्ञ पनि सदस्य रहने व्यवस्था छ ।

उक्त परिषद्लाई सञ्चालन गर्न भने सरकार चुक्यो । यसको कार्य सञ्चालनका लागि आवश्यक कानुनी व्यवस्था गर्ने तथा दैनिक प्रशासन सञ्चालनका लागि कार्यकारी अधिकृतसहित कर्मचारीको व्यवस्था नभएका कारण हालसम्म परिषद् खाली छ । एकजना प्राविधिक परामर्शदाता नियुक्त छन् । उनलाई कार्यकारी अधिकार छैन । हास्यास्पद विषय त के छ भने सो परिषद्लाई सहयोग गर्न भनेर विश्व बैंक र संयुक्त राष्ट्रसंघको सहयोगमा परामर्शदाताको दुई समूह नै नियुक्त गरिएको छ । ती परामर्शदाताको कार्य विवरणमा राष्ट्रिय सडक सुरक्षा परिषद्का कर्मचारीको क्षमता अभिवृद्धि गर्ने पनि रहेको छ । परिषद्मा मात्र एकजना प्राविधिक सल्लाहकार छन् । उनी आफैं सो विषयका विज्ञ रहेकाले क्षमता अभिवृद्धि आवश्यक छैन । ती परामर्शदाताको नियमनको जिम्मा सडक विभागकै अर्को महाशाखालाई दिइएको छ । उसको छुट्टै जिम्मेवारी भएकाले उसले त्यसमा उति चासो राख्दैन । विज्ञहरूले तयार पारेका नीतिगत दस्ताबेज हालसम्म परिषद्बाट माथि जान सकेका छैनन् । विभिन्न मन्त्रालय तथा विभागका प्रमुख तथा प्रतिनिधिहरू सदस्य रहेकाले उनीहरू वर्षमा बढीमा चारपटक बैठक बस्छन् तर काम अघि बढ्दैन । उनीहरू आ-आफ्नै जिम्मेवारीमा व्यस्त रहन्छन् ।

विश्व बैंकको सहयोगमा राष्ट्रिय सडक सुरक्षा परिषद्ले 'नेपाल सडक सुरक्षा कार्ययोजना (२०२१-२०३०) मस्यौदा' तयार पारी पारित गरी स्वीकृतिका लागि सरकारसमक्ष प्रस्तुत गरेको छ । तयार भएको चार वर्ष बित्दासम्म सो कार्ययोजना अर्थ मन्त्रालयको पोल्टाबाट बाहिर आउन सकेको छैन । कार्ययोजना लागु गर्न विश्व बैंकले रकम समेत उपलब्ध गराएको छ । आवश्यक परे थप सहयोग गर्ने प्रतिबद्धता पनि व्यक्त गरेका लेख-रचना सार्वजनिक गरेको छ तर अर्थले बजेटको हलो अड्काएर मानिसको ज्यान जोखिममा पर्ने विषयलाई थाती राखेको छ ।

अर्कोतिर परिषद्को नियमनका लागि 'राष्ट्रिय सडक सुरक्षा ऐन'को मस्यौदा गरेको एक दशक बितिसकेको छ तर हालसम्म उक्त ऐन संसद्मा पुगेको छैन । परिषद्का लागि छुट्टै ऐन आवश्यक नपर्ने जिकिर अर्थले गर्दै आएको छ । सडक विभागका लागि बनेको ऐनले नै परिषद्लाई नियमन गर्न मिल्ने तर्क अर्थको छ । परिषद्मा विभिन्न मन्त्रालयको प्रतिनिधित्व रहने हुनाले सडक ऐनले यसलाई समेट्ने कुरै भएन ।

सडक ऐन सडक विभागको नियमनका लागि बनाइन्छ । सडक सुरक्षा परिषद्मा स्वयं अर्थ मन्त्रालयकै प्रतिनिधित्व रहन्छ । सडक विभागका लागि बनेको नियमले स्वास्थ्य, शिक्षा वा अर्थका प्रतिनिधिलाई नियमन गर्न सक्ला त ? यसो हुन सम्भव नै छैन । केवल बजेटको तगारो मात्र लगाएर देश चल्ला ? मानिसको ज्यान बच्ला ? गत वर्ष नै डब्लुएचओले 'पाँचौं विश्व सडक सुरक्षा प्रतिवेदन' सार्वजनिक गरेको छ । प्रतिवेदनले विश्वका धनी मुलुकमा सडक सुरक्षामा सुधार आएको उल्लेख गरे पनि कम आय भएका मुलुकको अवस्था दयनीय देखाएको छ । विश्वमा सडक जोखिममा परी मृत्यु हुनेको संख्यामा केही कमी आएको प्रतिवेदनमा उल्लेख छ । चौथो प्रतिवेदन (सन् २०१८) मा विश्वमा १३ लाख ५० हजार मानिसको ज्यान गएको उल्लेख थियो भने पाँचौं प्रतिवेदनमा सो संख्या ११ लाख ९० हजारमा झरेको छ ।

विश्वमा सबैभन्दा बढी सडक प्रयोगकर्ताको मृत्यु हुने क्षेत्रमध्ये अफ्रिका क्षेत्र पहिलो स्थानमा पर्छ भने दोस्रो स्थानमा दक्षिण तथा पूर्वी एसिया पर्छ । जब कि यी क्षेत्रमा विश्वमा प्रयोग हुनेमध्येको मात्र २६ प्रतिशत सवारी-साधन प्रयोग हुन्छन् । विश्व बैंककै अर्को अध्ययन अनुसार सडक सुरक्षामा ५० प्रतिशत मात्र सुधार आए पनि कुल गार्हस्थ्य उत्पादनमा सातदेखि २२ प्रतिशत वृद्धि हुने उल्लेख छ । चौबीस वर्षको अध्ययनका क्रममा विश्व बैंकले यो तथ्य सार्वजनिक गरेको हो ।

डब्लुएचओले काठमाडौंका स्नायु अस्पतालमा गरेको एक अध्ययन अनुसार अधिकांश घाइतेको टाउकोमा चोट लागेको पाइएको थियो । उनीहरू दुईपांग्रेका प्रयोगकर्ता थिए । विश्वमा हेलमेटको उपयुक्त प्रयोगले मात्र पनि वर्षमा १५ हजार प्रयोगकर्ताको ज्यान सुरक्षित हुने राष्ट्र संघको अध्ययनले देखाएको छ । मारिएका दुईपांग्रेका प्रयोकर्ताको हरेक १० मध्ये चारको मृत्यु हेलमेटको प्रयोगमा भएको कैफियतका कारण भएको पनि अध्ययन देखाएको छ ।

सडकलाई सुरक्षित पार्नेमध्ये पहिलो कदम हो, मानवीय कमजोरी न्यूनीकरण । सवारी दुर्घटना बाढी, पहिरो, आँधीबेहरी तथा भूकम्पजस्तो अचानक आइपर्ने विपत्ति होइन । हामीले गल्ती गरे मात्र दुर्घटना हुन्छ । चाहे चालकले गरोस् वा अन्य सडक प्रयोगकर्ताले । त्यसैले यसलाई घटाएर शून्यमा झार्न सकिन्छ ।

मानवीय कमजोरी सच्याउने एउटै उपाय हो शिक्षा वा चेतना । सडक आफैंमा सुरक्षित हुनुपर्छ, खासगरी यसको डिजाइन र निर्माणमा ध्यान दिइनुपर्छ । सबै किसिमका सडक प्रयोगकर्तालाई उचित स्थान दिएर डिजाइन तथा निर्माण हुनुपर्छ । सडकमा गुड्ने सवारी-साधन पनि सुरक्षित हुनैपर्छ । कथंकदाचित दुर्घटना भइहाले तुरुन्तै १५ मिनेटभित्र अस्पतालको सुविधा उपलब्ध हुनुपर्छ । यति विषयमा मात्र ध्यान दिइए सरकार विश्वसामु लज्जित हुनुपर्दैन भने यता देशवासीको ज्यान पनि सुरक्षित बन्छ ।

आवश्यक कानुन बनाउने, विश्व समुदायसामु व्यक्त गरेका प्रतिबद्धता अनुरूपका अभिसन्धि तथा अन्तर्राष्ट्रिय अनिवार्यता अनुमोदन गर्ने, सोही अनुसारका कानुन निर्माण गर्ने र लागु गर्ने– यी काममा खास खर्च लाग्ने होइनन्, उही गर्छु भन्ने चाहना मात्र हुनुपर्‍यो ।

*(साभार: रातोपाटी)*

# रास्वपाले विकल्पमा नेतृत्व दिन नसक्दा विरोधी थप हौसिए

✍ शंकरनाथ काफ्ले

एउटा पार्टी आकस्मिकरुपमा जन्मियो, उसले अप्रत्याशित संघीय संसद्मा आफ्नो उपस्थिति देखाउन सक्यो, राजनीतिक घटनाक्रमहरुले तत्कालै उसलाई सरकारमा समेत पुर्‍यायो, नसोचेको अवस्था सृजना भयो ! रास्वपा तत्कालीन अवस्थामा एउटा पार्टीको रुपमा स्थापना भएको भए तापनि त्यो पार्टीको मूल आधार भनेको रवि लामिछाने नै थिए । यो सत्यो हो कि, रवि लामिछानेकै बुलन्द आवाजले धेरै नेपाली जनताको मन छोएको थियो।

धेरै युवाहरुमा आफ्नो कर्तव्य भनेको नेपालको मुहार फेर्नुपर्छ भन्नेमा तानिन थाल्यो। विदेशमा गएर होइन आफ्नै देशमा बसेर आफ्नो देशको लागि सक्दो गर्नुपर्दछ भन्ने हुटहुटी जागेका अधिकांश युवाहरुले रवि लामिछानेलाई दिल खोलेर साथ दिए, त्यही साथको परिणाम रास्वपाको जन्म हुन पुग्यो । युवाहरुको त्यही हुटहुटीलाई देखेर धेरै जनताले परीक्षणमा नै नआएको रास्वपालाई पूर्णरुपमा साथ दिए, समर्थन पनि गरे । रास्वपाको अप्रत्याशित उदयले कैयौं ठूला दलका नेताहरुको ब्रह्माण्ड पनि खलबलिन पुगेको देखियो । 'यही अवस्था रहिरह्यो भने आगामी निर्वाचनमा रास्वपाले नेपालको राजनीतिक अवस्थामा उथलपुथल ल्याउन सक्छ' भन्ने आँकलन धेरैले गर्न थाले । त्यही भएको कारण शुरुकै दिनबाट रास्वपा, त्यसमा पनि खास गरी त्यसका सभापति रवि लामिछानेमाथि विभिन्न कोणहरुबाट आक्रमण हुन थाले ।

राम्रो मत ल्याएर निर्वाचित भएका रास्वपा सभापतिको नागरिकता विवादलाई पहिलो चरणमा उठाउने कार्य गरियो । उनको नागरिकताको कारणलाई लिएर निर्वाचित सांसद सदस्यलाई अवैध घोषित गरियो । गैरनागरिक भएर पनि जनतालाई झुक्याएर निर्वाचित हुन खोज्नुजस्तो कार्य गरेको पात्रको रुपमा जनतामा घृणा जन्माउने प्रयास त्यो बेलामा पनि नभएको होइन तर जनताले त्यो षड्यन्त्रलाई स्वीकार्न चाहेनन् । जनताले फेरि पनि उही रवि लामिछानेलाई पहिलेभन्दा धेरै मतले विजयी गराएर जनादेश र जनविश्वासको शक्ति प्रदर्शन गरि दिए । त्यो जनादेशले ठूला दलहरुको मनमा महाभूकम्प जानु स्वाभाविक नै थियो । त्यसपछि रविलाई सरकारमा लगेर असफल बनाउने दोस्रो विकल्प रोज्नु बाध्यता बन्न पुग्यो । नयाँ र अपरिपक्व भएको कारण माहिर राजनीतिका खेलाडीहरुको चालमा रवि नराम्रोसँग जकडिन पुगे । उनी जति दिन सरकारमा बसे प्राय: सधैँजसो आलोचनाको सिकार बन्न पुगे । केही गर्छु भन्दा पनि आलोचनाकै सिकार हुन पुगे, केही गर्न नसक्दा पनि आलोचनाकै सिकार हुन पुगे । आलोचना नै आलोचनाको भुमरीमा परेको बेलामा दुई ठूला दलहरुको अप्रत्याशित एकता हुन पुग्यो । त्यो एकताले आज रवि अर्थात् रास्वपा मात्र सिकार हुन पुगिरहेको छ । त्यो एकता अभियानले रास्वपाको मात्र साख गिर्ने र गिराउने कार्य भइरहेको छ, जुन कुराको पुष्टि स्थानीय तहको उपनिर्वाचनसमेतले गरि सकेको छ ।

रास्वपा रवि लामिछानेको बुलन्द आवाजको परिणाम हो । रास्वपा जन्मिनुमा रवि लामिछानेको आवाज र युवाहरुको चाहना वैकल्पिक शक्तिको आवश्यकता हुन सक्ला तर रास्वपाको जन्म भएपछि त्यो कुनै व्यक्तिको आवाजमा मात्र सीमित नराखेर सम्पूर्ण युवाहरुको ढुकढुकी बनाउन सक्नुपर्दथ्यो, त्यसमा रास्वपा चुकेको जस्तो देखिन्छ । ठूलो उद्देश्य बोकेर एकछत्र राज गरिरहेका ठूला दलका हस्तीहरुसँग पौंठेजोरी खेल्ने साहस गरिसकेपछि हार्ने वा असफल हुन सक्ने ठूला हस्तीहरुले विभिन्न कोणहरुबाट आक्रमण गर्न सक्छन् भन्ने त्यो दलले बुझ्न सक्नुपर्दथ्यो । जनताको विश्वासले मात्र सधैं टिक्न सकिँदैन भन्ने तथ्यलाई आत्मसात् गर्नु सक्नुपर्दथ्यो । जनताको साथ निर्वाचनमा मात्र हुने गर्दछ । निर्वाचनपछिको ५ वर्ष राजनीतिक दलहरुले नै आफ्नो अस्तित्वको रक्षा गर्ने मात्र होइन, आशा बोकेका जनताको भरोसा पनि जितिराख्न सक्नुपर्दछ । कता-कता रास्वपाले यो कुरामा पनि ध्यान पुर्‍याउन नसकेको जस्तो देखियो । यसैले होला आज 'रवि लामिछानेलाई माछोलाई खेलाएजस्तो खेलाइरहेका छन्, एउटा क्रुर अपराधीलाई भन्दा बढी अस्वाभाविक व्यवहार गरिरहेका छन्' भन्ने एक कोणबाट असन्तुष्टिको आवाज उठिरहेको छ। हुन त जुन मात्रामा विरोधहरु देखिनुपर्दथ्यो, त्यो मात्रामा विरोधहरु अझै देखिन सकिरहेका छैनन् । स्वयं रास्वपाको विरोध प्रदर्शन पनि कर्मकाण्डी जस्तो मात्र देखिएको भन्ने गुनासो सुनिन थालेको छ ? यो प्रश्नको जवाफ रास्वपाले नै खोज्नुपर्ने बेला आएको छ । रवि लामिछानेले कसुर गरेका हुन् वा होइनन् भन्ने कुराको निधो अदालतले गर्ने नै छ । अदालती प्रक्रियाबाट एउटा निष्कर्ष निक्लने नै छ । तर रास्वपा एउटा पार्टी हो, पार्टीमा निर्विकल्प कोही पनि हुँदैन । भोलि रवि लामिछानेलाई अदालतले कसुरदार प्रमाणित गरि दियो भने के रास्वपा पार्टी बन्द गर्ने हो ? हिजो रविको बुलन्द आवाजले जन्मिएको रास्वपा, कथंकदाचित रविको अनुपस्थिति रहन पुग्यो भने रास्वपाको अवसान हुने वा रास्वपा अभियान शून्यमा झर्ने छ त ? यो कुराको ठोस जवाफ रास्वपाका जिम्मेवार पक्षहरुबाट आउन नसकेको कारण आज रास्वपामाथि चौतर्फी आक्रमण भइरहेको छ । हिजो देखिएको थियो कि यदि रास्वपा यही गतिमा अघि बढ्दै जाने हो, रास्वपालाई जनताले यही रुपमा समर्थन गर्दै जाने हो भने अन्य दलले आफ्नो अस्तित्व रक्षाको लागि महागठबन्धन गर्नुपर्ने अवस्था पनि आउन सक्ने थियो । त्यो सम्भावना बोकेको पार्टी आज कता-कता माउविनाको बाछोझैं हुन पुगेका छ । रविको विरुद्ध छानबिन हुँदै गर्ला, विभिन्न षड्यन्त्रमूलक तानाबाना पनि बुनिदै गर्ला तर रास्वपा खास गरी युवाशक्तिको विश्वासको पुञ्ज हो भन्ने विश्वास गरेर आत्मबल दह्रो बनाई अघि बढेको भए रास्वपाले तत्काल दमदार विकल्प चयन गरेर आफ्नो अभियानलाई अझ द्रुत गतिमा अघि बढाउन सक्नुपर्दथ्यो । नेतृत्व गर्ने व्यक्ति २ दिनको लागि विदेश जानुपर्दा त दोस्रो व्यक्तिलाई नेतृत्वको जिम्मेवारी दिएर जानुपर्दछ भने महिनौं सरकारी बन्धक हुनुपर्ने अवस्था आउँदा पार्टीको मनोबल बढाइराख्नको लागि भए पनि जिम्मेवारी दिन सक्नुपर्दथ्यो ।

हामीले देखेका छौं, क्षतिको शोकलाई शक्तिमा बदल्न सक्नु राजनीतिक दलहरुको चातुर्यता र सक्षमता बन्ने गरेको छ । नेपाली राजनीतिमा कैयौं यस्ता घटना छन्, जसले शोकलाई शक्तिमा बदलेर नयाँ राजनीतिक शक्तिहरुको उदय गर्न सफल भएका छन्। आफूले काम गर्न नपाउँदा वा आफूलाई बन्धनमा राख्दा आफ्नो जिम्मेवारी अरुलाई दिन सक्ने हिम्मत पनि हुनुपर्दछ भने आफ्नो जिम्मेवारी पूरा गर्न साहसपूर्ण निर्णय गर्न सक्ने शक्ति पनि हुनुपर्दछ । यहाँ जिम्मेवारी दिने साहस पनि देखिएन, जिम्मेवारी लिने कर्तव्य पनि भेटिएन । यसको परिणाम आज रास्वपामाथि चौतर्फी आक्रमण हुँदा पनि सशक्त प्रतिवाद गर्न सक्ने पूर्ण क्षमता देखिएन । छातीमा वाण लागेर पनि रगतको धारा बगाई बाण वोकेर शत्रुमाथि अन्तिम क्षणसम्म लडिरहने वीरहरुको कथा बोकेको नेपालको इतिहासमा सेनापतिको हातबाट हतियार खोसिनासाथ सिंपाहीहरुले लत्तो छाड्नु स्वाभिमान र अस्तित्वको मृत्यु हुनु हो। तसर्थ रास्वपाको अस्तित्व जोगाइराख्ने हो वा यसलाई अझ सशक्त बनाएर अघि लाने हो भने तत्काल विकल्पको खोजी गर्नुपर्दछ र भत्किएका आधारहरु तुरुन्त निर्माण गर्दै अघि बढ्न सक्नुपर्दछ। अझ पनि सम्हालिएर अघि बढ्ने हो भने ८४ को निर्वाचनमा रास्वपाले एक जिम्मेवार वैकल्पिक शक्तिको रुपमा आफूलाई उभ्याउन नसक्ला भन्ने छैन ।

आज रविको विरुद्ध जुन मानव अधिकार हननसम्मका कुराहरु आइरहेका छन्, त्यसको जड पनि रास्वपाको थरथरी काँपिरहेका खुट्टा नै हुन् भन्ने बुझ्नुपर्दछ । रास्वपा गलेको छैन, रास्वपा ढलेको छैन । रास्वपाको विरुद्धमा कुनै षड्यन्त्र गरियो भने भविष्यमा हाम्रो पनि अवस्था ठीक हुने छैन भन्ने त्रासले मानिसलाई केही गर्नुअघि दशपटक सोच्न बाध्य बनाउने थियो । त्यो शक्ति र साहस रास्वपाले जति देखाउन सक्छ त्यति नै छिटो अभियोजन प्रक्रिया पनि टुंगिनेछ । सबैले रुचाएको मीठो फललाई एउटा प्लास्टिकको झोलामा बन्द गरेर जति दिन राख्न सकिन्छ, त्यो फलको अस्तित्व त्यति कम गराउन सकिन्छ। राख्दा-राख्दा त्यो फल आफैंमा गलेर जान्छ, कुहिएर जान्छ अनि कसैले पनि त्यस फललाई ग्रहण गर्दैन भन्ने कुरा रास्वपाका विरोधीहरुले बुझेका छन् ।

तसर्थ जति सक्दो छिटो त्यो सबैले रुचाएको फललाई बन्द झोलाबाट झिकेर खुल्ला राख्ने प्रयास रास्वपाले गर्नुपर्दछ । कसैले त्यो फल झोलामा राखेर लुकाएको छ भने वैकल्पिक फल सो-केस (सजावट गर्ने बाकस) मा राखेर हाम्रोमा मीठा र गुणी फलहरु थुप्रा छन्, एकाध फलमाथि कसैले आक्रमण गरेर हाम्रो अभियान रोकिने छैन भन्ने कुराको सन्देश त्रासको रुपमा विरोधीलाई र आशको रुपमा जनतालाई देखाउन सक्नुपर्दछ । यसो गर्न सकियो भने मात्र रास्वपाको भविष्य सुनिश्चित हुनेछ । अन्यथा दु:खका साथ भन्नुपर्ने हुन्छ कि 'जसरी उदाएको थियो, त्यसै गरी अप्रत्याशितरुपमा अस्तायो' भनेर ।

*(साभार: न्यूज अफ नेपाल)*

नेपाल प्रिमियर लिग

# दिपेशको फिनिसिङमा काठमान्डुको झिनो आशा, भाग्य सुदूरपश्चिमको नतिजामा




काठमाडौं/काठमाडौं देशको राजधानी हो । सुदूरपश्चिम सबैभन्दा पश्चिमको क्षेत्र अर्थात प्रदेश । यी दुईको भौतिक दूरी धेरै लामो छ । सुदूरका धेरै अध्ययन, भविष्य र रोजगारीको सिलसिलामा राजधानी काठमाडौंमा आएका हुन्छन् ।

सुदूरका लागि काठमाडौंले धेरै सहयोग गरेको होला । तर मैदानको खेलमा एक पटक काठमाडौंको टिम काठमान्डु गुर्खाजको भाग्य भने त्यही सुदूरको टिम सुदूरपश्चिम रोएलसको नतिजामा निर्भर हुने भएको छ । अहिले कीर्तिपुरमा चलिरहेको नेपाल प्रिमियर लिग एनपीएलमा काठमान्डुलाई त्यही सुदूरको साथ चाहिएको छ । एनपीएलको अन्तिम लिग खेलमा सोमबार टीयू अन्तर्राष्ट्रिय मैदान कीर्तिपुरमा सुदूर पश्चिम र कर्णाली याक्सबीच प्रतिस्पर्धा हुँदैछ । काठमान्डुको त कुनै खेल छैन ।

तर मैदानबाहिर काठमाडन्डुको समर्थन त्यही सुदूर पश्चिमलाई नै हुनेछ । किनभने सुदूरपश्चिमले आफ्नै छिमेकी प्रदेश अनी काठमाडौंबाट टाढाको दूरीमा रहेको अर्को टिम कर्णाली याक्सलाई आवश्यक नतिजामा हराएमा काठमान्डुको भाग्य खुल्नेछ ।

आइतबार आफ्नो अन्तिम लिग खेलमा विराटनगर किंग्समाथि १ विकेटको रोमाञ्चक जितपछि काठमाडौंले शीर्ष चारमा रहेर प्लेअफ आशा कायम राखेको छ । त्यसैले अन्तिम दिन आफ्नो खेल नभएपनि सुदूर पश्चिमको नतिजामा काठमान्डुको नजिकको नजर हुनेछ । काठमान्डु पराजित भएको भए आइतबारै प्लेअफ पुग्ने चारवटै टोलीको टुङ्गो लाग्ने थियो ।

अहिलेसम्म सुदूरपश्चिमले ६ खेलबाट १० अंक जोडेर प्लेअफमा स्थान बनाइसकेको छ र शीर्ष दुईमा रहने सम्भावना पनि बलियो छ । त्यसो भएमा सुदूरले पहिलो क्वालिफायर्स खेल्नेछ र फाइनल यात्रा सहज बन्न सक्छ । यस्तै ७ खेल खेलिसकेको जनकपुर पनि १० अंक नै जोडेर दोस्रोमा छ । नेटरनरेटमा जनकपुर सुदूर भन्दा पछि छ ।

यस्तै ७ खेलबाट ८ अंक जोडेको चितवन राइनोज अहिले ८ अंक हुने मध्ये राम्रो नेटरनरेटका आधारमा तेस्रो स्थानमा छ । ६ खेल खेलेको कर्णाली याक्स र ७ खेल खेलिसकेको काठमान्डु गुर्खाजको पनि समान ८ अंक नै छ । यसमा काठमान्डुको नेटरनरेट सबैभन्दा कमजोर रहेकोले अरुमा निर्भर पर्न परेको हो ।

काठमान्डुले आफ्नो जितनैपर्ने अन्तिम लिग खेल जितेर आशा कायमै राख्दा कर्णाली याक्सका लागि भने अन्तिम खेलमा आफू अनुकल नतिजा ल्याएर शीर्ष दुईमा पुग्ने अवसर पनि छ । त्यसमा लागि कर्णालीले सुदूरपश्चिम रोएल्सलाई २० भन्दा बढी रन अन्तरले पराजित गर्नुपर्नेछ । यस्तोमा कर्णाली जनकपुरलाई पछि पार्दै दोस्रो स्थानमा पुगेर पहिलो क्वालिफायर खेल्न पाउनेछ ।

**दिपेशको फिनिसिङ**

काठमान्डुले अन्तिम खेलमा १ विकेटको रोमाञ्जक जित दर्ता गऱ्यो । कुनै समय सहज जितको अवस्थामा रहेको काठमाडौं ९ विकेट गुमाउँदा हारको नजिक समेत पुगेको थियो । तर १९औं ओभरको पहिलो बलमा दिपेश कँडेलले चौका प्रहार गर्दै काठमान्डुको जित निश्चित गरेका थिए ।

१७औं ओभरको तेस्रो बलमा शाहब आलम आउट भएपछि अन्तिम ब्याटरको रुपमा दिपेश क्रिजमा पुगेका थिए । त्यसबेला काठमान्डुलाई जितका लागि २१ बलमा १६ रन आवश्यक थियो । हातमा १ विकेट मात्र बाँकी हुँदा काठमान्डुलाई टेन्सन थियो । तर दिपेशले शंकर रानासँग मिलेर इनिङ्स जोगाए । त्यस ओभरमा लगातार दुई बल डट खेलेपछि दिपेशले अन्तिम बलमा बसिर अहमदलाई छक्का हान्नै समिकरण सहज बनाए ।

१७ ओभर सकिँदा १०८ रन बनाएको काठमान्डुलाई खेल जित्न १८ बलमा १० रन चाहियो । १८औं ओभरमा शंकर रानाले एक चौका प्रहार गर्दा काठमान्डु ८ रन जोडेर जित नजिक पुग्यो ।

त्यस ओभरको अन्तिम बलमा शंकरले २ रन लिएपछि १९औं ओभरमा दिपेश स्ट्राइकलमा थिए । विराटनगरका लागि सुवास भण्डारी आफ्नो पहिलो ओभर बलिङ गर्न आए । पहिलो बलमै दिपेशले चौका प्रहार गर्दै काठमान्डुको जित निश्चित गर्दै प्लेअफको झिनो आशा पनि जगाए । टस जितेपछि काठमान्डुले विहानीको कन्डिसनमा विराटनगराई ब्याटिङको निम्तो दिएको थियो । त्यमसा बलरहरुले राम्रो प्रदर्शन गर्दा विराटनगरले एक बल अगाडि अलआउट हुँदै ११७ रन बनायो ।

विराटनगरका लागि राजेश पुलामीले बनाएको २५ रन नै व्यक्तिगत उच्च रह्यो । काठमान्डुका लागि स्पीनरले ६ विकेट लिए । जसमा जेरार्ड एर सामसले ३ तथा दिपेश कँडेलले २ विकेट लिए । शाहब आलमको नाममा १ विकेट रह्यो । मिडियम पेसर करण केसी र रासिद खानले समान १ विकेट लिँदा दुई खेलाडी रनआउट भए ।

११८ रनको लक्ष्य पछ्याउँदा काठमान्डुले नेटरनरेटलाई ध्यानमा दिँदै चाँडै खेल सकाउने लक्ष्यका साथ आक्रमक सुरुवात गर्न खोजेको थियो । रन सुरुदेखि नै बनेपनि विकेट लगातार गुमाउदा बीचमा काठमान्डुको इनिङ्स कोल्याप्स भयो र खेल १९औं ओभर सम्म पुग्यो ।

'१२ ओभरसम्म जित्नुपर्नु सोचेर ब्याटिङ गरेका थियौं । त्यसो भएमा क्वलिफाई हुन राम्रो सम्भावना हुन्छ भन्ने थियो,' खेलपछि काठमान्डुका कप्तान करण केसीले पत्रकारहरुसँग भने, '६ ओभर राम्रो भाथ्यो तर पछि कोल्याप्स भयो । अन्तिममा जित्यो राम्रो भयो ।' करणले बलिङमा राम्रो गरेपनि ब्याटिङमा संघर्ष गर्नुपरेको बताए । 'सुरुमा बलिङमा राम्रो भयो । बलिङ युनिटले राम्रो गऱ्यो । तर ब्याटिङमा राम्रो भएन ।'

*(स्रोत: अनलाइनखबर)*

# प्लेअफ समीकरण रोमाञ्चक, कुन टिम होडमा ?




काठमाडौं/नेपाल प्रिमियर लिग (एनपीएल) लिग चरणको अन्तिम खेल बाँकी हुँदासम्म पनि प्लेअफ पुग्ने चार टोलीको टुंङ्गो अझै लागेको छैन ।

शीर्ष चारमा कुन-कुन टिम पर्छ, कुन टीमले शीर्ष दुईमा रहेर पहिलो क्वालिफायर खेल्ला ? एलिमिनेटरमा कुन-कुन टिम भिड्ला ? सबैको चासोको विषय बनेको छ । तर समीकरण भने अझै टुङ्गो लागेको छैन ।

सोमबार हुने सुदूरपश्चिम रोयल्स र कर्णाली याक्सबीचको खेलपछि मात्रै यो सबै प्रश्नको जवाफ पाइनेछ र समीकरण टुङ्गो लाग्नेछ ।अहिलेसम्म निर्णय भएको कुरा के हो भने सुदूरपश्चिम रोयल्स, जनकपुर बोल्ट्स र चितवन राईनोजले कम्तीमा प्लेअफमा स्थान पक्का गरिसकेको छ। अनि प्लेअफ होडमा कर्णाली याक्स र काठमान्डु गुर्खाज छन् ।

कर्णालीले अन्तिम लिग खेल सोमबार खेल्नेछ भने काठमान्डुले लिगको सबै खेल खेलिसकेको छ। अहिलेको अवस्थामा दुवै टिमको समान ८ अंक छ । नेट रनरेटमा कर्णाली अघि छ । काठमान्डु पाँचौ स्थानमा छ । आइतबार विराटनगर किंग्सलाई हराएपछि काठमान्डुले पनि प्लेअफ सम्भावना कायम राखेको हो । कर्णालीको नेटरनरेट ०.०९५ छ भने काठमान्डुको -०.३२१ छ ।

पोखरा एभेन्जर्सलाई हराएको सुदूरपश्चिम १० अंक जोडर शीर्ष स्थानमा छ । नेट र नरेट राम्रो भएकोले सुदूर पश्चिमले शीर्ष दुईमा रहने सम्भावना बलियो बनाएको छ । सुदूरपश्चिमको नेटरनरेट २.१०० छ ।

६ खेल खेल्दा पाँचौ जित हात पारेको सुदूरपश्चिम १० अंक जोडेर शीर्ष स्थानमा उक्लेको छ । समान १० अंक भएपनि जनकपुर बोल्ट्स नेट रनरेटमा पछि रहँदै दोस्रोमा झरेको छ । जनकपुरको नेटरनरेट ०.१६४ छ ।

आजको जितपछि सुदूर पश्चिमले शीर्ष दुईमा रहेर पहिलो क्वालिफायर खेल्ने सम्भावना बलियो बनाएको छ । अब लिगको अन्तिम खेलमा सुदूरपश्चिमले सोमबार कर्णाली याक्ससँग खेल्नेछ । अहिलेसम्म जनकपुरसँगै सुदूर पश्चिम र चितवन राइनोज तीन टिम प्लेअफमा स्थान निश्चित गरेका छन् ।

अहिलेसम्म जनकपुरसँगै सुदूरपश्चिम र चितवन राइनोज तीन टिम प्लेअफमा स्थान निश्चित गरेका छन् । सोमबारको अन्तिम लिग खेलपछि प्लेअफ पुग्ने चौथो टोलीको टुङ्गो लाग्नेछ । कर्णालीले सुदूरपश्चिमविरुद्ध ठूलो अन्तरको हार टारेमा चौथो हुँदै प्लेअफमा पुग्नेछ ।

सोमबार कर्णाली याक्स सुदूरपश्चिमसँग ५५ रन भन्दा बढी अन्तरले हारेमा भने काठमान्डुले नेटरेनरेटमा कर्णालीलाई पछि पार्दै चौथो हुँदै प्लेअफमा पुग्नेछ । कर्णालीको लागि शीर्ष दुईमा पुग्ने सम्भावना पनि छ ।

त्यसका लागि सुदूर पश्चिमलाई आफू अनुकुल नतिजामा हराउनुपर्नेछ ।

*(स्रोत: अनलाइनखबर)*

# उद्योगहरूमा दैनिक ८ घण्टा लोडसेडिङ

काठमाडौं/नेपाल विद्युत् प्राधिकरणले उद्योगहरूमा दैनिक ८ घण्टा लोडसेडिङ गर्न थालेको छ । माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाको विद्युत् उत्पादन पूर्ण रूपमा बन्द भएको तथा पिक आवरमा भारतबाट विद्युत् आयात गर्न नसकिएको कारण देखाउँदै प्राधिकरणले उद्योगहरूमा लोडसेडिङ सुरु गरेको हो ।

संचारकर्मीले पूर्वको मोरङ-सुनसरी करिडोरदेखि पश्चिमको नेपालगञ्ज-कोहलपुर करिडोरसम्मका उद्योगीहरूसँग गरेको कुराकानीका आधारमा उद्योगहरूमा कम्तीमा साढे ६ घण्टादेखि बढीमा १० घण्टासम्म दैनिक लोडसेडिङ भइरहेको देखिएको छ । उद्योगहरूमा दैनिक कम्तीमा साढे ६ घण्टाको दरले लोडसेडिङ भइरहेको कुरा नेपाल विद्युत् प्राधिकरणका विभिन्न तीनवटा स्रोतले पनि पुष्टि गरेका छन् । 'सबैभन्दा कम लोडसेडिङ गर्दा पनि बिहान ६ बजेदेखि ९ बजेसम्म र बेलुका ५ बजेदेखि साढे ८ बजेसम्म उद्योगहरूमा विद्युत् आपूर्ति गर्न सकिने अवस्था नै छैन,' प्राधिकरण स्रोतहरूले भनेका छन् ।

अघिल्ला वर्षहरूमा पुसपछि मात्रै उद्योगहरूमा विद्युत् कटौती हुने गरे पनि यसपटक भने मंसिरको मध्यदेखि नै विद्युत् कटौती सुरु भएको हो । 'बाढीले क्षति पुऱ्याएको पिकिङ रन अफ द रिभर आयोजना मर्मतका लागि अहिले पूर्ण रूपमा बन्द छ, भारतबाट पनि पिक आवरमा विद्युत् आयात हुन सकेको छैन, त्यसले औद्योगिक क्षेत्रमा केही घण्टा विद्युत् कटौती गर्नुपर्ने अवस्था छ,' प्राधिकरणका प्रवक्ता चन्दन घोषले संचारकर्मीसँग भने । भारतले पिक आवरमा नेपालमा विद्युत् निर्यात नगर्ने कुरा उल्लेख गर्दै नेपालमा आयातको अनुमति दिएको छ । मार्च १५ देखि मे अन्तिमसम्म भने सन आवर (अर्थात् दिउँसो) मात्रै विद्युत् दिने गरी नेपालले अनुमति प्राप्त भएको छ ।

यस्तोअवस्थामा ब्याकबोनका रूपमा रहेको तामाकोसी परियोजनाको उत्पादन बन्द हुँदा आपूर्तिमा समस्या भएको प्रवक्ता घोषले स्वीकार गरे । त्यसका अतिरिक्त प्रसारण लाइनमा भएको अवरोधले पनि कुनैकुनै दिन विद्युत कटौतीको समय बढ्ने गरेको उनले बताए । 'नेपालमा अधिकांश परियोजनाहरू बहावमा आधारित (रन अफ द रिभर) भएकाले हिउँदमा उत्पादन १० देखि ३० प्रतिशतसम्म झर्छ, यस्तो अवस्थामा बर्खा याममा विद्युत् बढी भए पनि हिउँदमा भने माग धान्न सक्दैन,' उनले भने ।

विगत केही दिनयता बर्दघाट-न्यु बुटवल प्रसारण लाइन तथा नवलपुर-ढल्केबर प्रसारण लाइनमा अवरोध आएकाले केही बढी लोडसेडिङ भएको हुन सक्ने उनले बताए । तर, उद्योगीहरू भने सबै दिन समान हिसाबले दिनको ८ घण्टा जति लोडसेडिङ भइरहेको बताउँछन् । 'लोडसेडिङ त छँदै छ, विद्युत् दिएको अवस्थमा पनि लोड घटाएर मात्रै उद्योग चलाउन भनेर पटकपटक फोन आउँछ, त्यसो गरिरहनुपरेको छ,' एक उद्योगीले भने । प्राधिकरणले बरु घोषणा नै गरेर लोडसेडिङ गरेको भए आफूहरूलाई उद्योग चलाउन सजिलो हुने उद्योगीहरू बताउँछन् । 'प्राधिकरण लोडसेडिङ घोषणा पनि गर्दैन, अनियमित रूपमा विद्युत् काटिरहन्छ,' उनले दुखेसो गरे ।

उद्योगहरूमा पटक-पटक विद्युत् अवरोध हुने (ट्रिपिङ) को समस्या पनि अत्यधिक रहेको उद्योगीहरू बताउँछन् । 'विद्युत् आपूर्तिमा एकरूपता नहुँदा ट्रिपिङको गुनासो पनि धेरै आउने गरेको छ,' प्राधिकरणको एक वितरणकेन्द्र प्रमुखले संचारकर्मीलाई भने । नेपाल विद्युत् प्राधिकरणको भारप्रेसण केन्द्रको बिहीबारको तथ्यांकअनुसार नेपालमा अहिले पिक समयमा ३ सय ३० मेगावाट विद्युत् अपुग भइरहेको देखिन्छ । पिक समयमा १८ सय ८३ मेगावाट विद्युतको माग रहेकोमा नेपालको उत्पादन र भारतबाट आयात समेत गरेर १५ सय ५३ मेगावाट मात्रै आपूर्ति भएको तथ्यांक बिहीबारको छ ।

*(स्रोत: अनलाइनखबर)*

# फिल्म निर्माणमा बढ्यो आकर्षण, अर्को वर्ष चर्किनेछ भिडन्त




काठमाडौं/कोरोना महामारीअघि फिल्म निर्माण र रिलिज उल्लेख्य रुपमा हुन्थे । वर्षेनि रिलिजको संख्या मात्र एक सय हाराहारी पुग्थ्यो । तर, कोभिडपछि फिल्म निर्माण निकै घट्यो । जसले गर्दा दुई वर्ष त रिलिजको संख्या ५० पनि पुगेन । २०७८ मा १३ र २०७९ मा ४६ फिल्म रिलिज भएका थिए । गत वर्ष रिलिज संख्या ५३ पुगेको थियो । यस वर्ष पनि यही हाराहारीमा फिल्म रिलिज हुने देखिन्छ ।

तर, अर्को वर्ष फिल्म रिलिजको संख्या सय नाघ्ने निश्चित प्रायः छ । किनकि, यतिबेला फिल्म निर्माणमा ठूलो आकर्षण देखिएको छ । यस वर्ष जुन किसिमले एकपछि अर्को नेपाली फिल्मले व्यावसायिक सफलता हासिल गरिरहेका छन्, त्यसले गर्दा निर्माताहरुबीच फिल्मको घोषणा गर्न प्रतिस्पर्धा नै चलिरहेको छ । हरेक हप्ताजस्तो नयाँ फिल्म घोषणा भइरहेका छन् ।

दशैंयता मात्र दुई दर्जन बढी फिल्मको घोषणा भइसकेका छन् । तीमध्ये अधिकांशको छायांकन आगामी माघपछि गरिँदैछ । र, रिलिज अर्को वर्ष हुनेछन् । 'महाभोज', 'हरिबहादुरको जुत्ता', 'ड्यानी डेन्जरस', 'सोल्टिनी', 'खलनायक २', 'परालको आगो', 'दशमी', 'डिएनए', 'फनफनी घुमेर', 'माग्ने राजा', 'पीआर', 'कल्ली', 'पहाड', 'मायाका रंगहरु', 'जन्ते बाखो', 'अज्ञात', 'मोहर', 'महाराजधिराज' जस्ता फिल्म छायांकनमा निस्किने अन्तिम तयारीमा छन् ।

त्यस्तै, 'मन विनाको धन ठूलो कि धन विनाको मन', 'सिलसिला २', 'सत्यवीर', 'बरिष्ठ बलराम', 'श्रीमान श्रीमती', 'कुस्ती', 'बडादशैं' जस्ता फिल्म पनि यसै वर्ष निर्माण हुँदैछन् । रामबाबु गुरुङ, प्रदीप भट्टराई, अशोक शर्मा, विराज भट्ट, आर्यन सिग्देल, प्रियंका कार्की, ज्ञानेन्द्र देउजा, उपेन्द्र सुब्बा लगायत पनि अर्को वर्ष रिलिजको लक्ष्यसहित फिल्म बनाउने तयारीमा रहेको बुझिएको छ ।

यीबाहेक चैतसम्म थप एक दर्जन फिल्म घोषणा हुनसक्ने आँकलन गरिएको छ । र, ती सबै फिल्म निर्माण भएको खण्डमा रिलिज अर्को वर्ष हुनेछन् । त्यसमा हाल छायांकन भइरहेका र छायांकन सकिएका केही फिल्म पनि थपिने निश्चित छ । त्यो हुँदा अर्को वर्ष रिलिजको संख्या त बढ्ने छ नै, भिडन्त पनि ठूलै देखिन सक्छ । सम्भवतः सोलो रिलिज कुनै फिल्मले पाउने छैनन् ।

अर्को वर्ष दशैंमा सबैभन्दा ठूलो भिडन्त हुनसक्ने छनक देखिन्छ । अहिलेसम्म आधा दर्जन फिल्मले दशैंलाई प्रदर्शन मिति घोषणा गरिसकेका छन् । तर, नेपालमा चर्चाका लागि प्रदर्शन मिति घोषणा गर्ने र पछि लुसुक्क भाग्ने प्रवृत्ति छ । यसैले दशैंलाई घोषणा भएका सबै फिल्म रिलिज हुन्छन् भन्ने छैन । तथापि, आगामी दशैंमा नेपाली फिल्मबीच ठूलो भिडन्तको सम्भावना भने प्रवल छ ।

# अनमोलको तारिफमा आँचल भन्छिन्, 'एकदमै नम्र'



काठमाडौं/अभिनेता अनमोल केसी र अभिनेत्री आँचल शर्माको फिल्मी करिअरले एक दशक पूरा गरिसकेको छ । यो अवधिमा दुवैले १० वटा फिल्ममा काम गरिसकेको भए पनि एकअर्कासँग सहकार्य जुर्न सकेको थिएन । अब पहिलो पटक उनीहरु जोडी भएर फिल्म 'जेरी अन टप'मा एकसाथ देखिँदैछन् । यसमा कलाकार केदार घिमिरे 'माग्ने बुढा' र अभिनेत्री जसिता गुरुङको पनि अभिनय छ ।

पहिलो पटक अनमोलसँग सहकार्य गरेकी आँचल उनको स्वभाव र काम गर्ने शैलीबाट प्रभावित भएकी छन् । शनिबार एक ज्याम्प शोमा सहभागी भएपछि उनले सञ्चारकर्मीसँगको कुराकानीमा अनमोल नम्र स्वभावको रहेको बताइन् । उनले भनिन्, 'अनमोलसँग काम गर्दाको अनुभव राम्रो रह्यो । उहाँ एकदमै हम्बल (नम्र) हुनुहुन्छ । के नयाँ गरुँ भनेर सोच्नुहुन्छ ।'

आँचलका अनुसार छायांकनको बेला अनमोल आफ्नै जोनमा बस्ने गरेका हुन्छन् । त्यो पक्ष उनलाई मन परेको छ । 'सुटिङ सेटमा हाम्रो मुड अन-अफ भइरहन्छ । गफ गर्दागर्दै टेकमा गइहाल्छौं,' उनी भन्छिन्, 'अनमोलजी चाहिँ आफ्नै जोनमा बसिरहनुहुन्छ । त्यसले चरित्रमा केही न केही फाइदा अवश्य पनि पुग्छ । उहाँ मलाई व्यक्तिगत र कलाकार दुवै रुपमा मनपऱ्यो ।'

'जेरी अन टप'मा काम गर्दा आँचल सबैभन्दा नजिक भने जसितासँग बनेकी छन् । उनी आफूहरुको 'भाइब्स' मिलेको बताउँछिन् । 'जसिता राम्रो 'ह्यूमन बिइङ' हो । ऊ र म दुवै 'टम ब्वाइ' खालको छौं । कुरा गर्दा पनि हाम्रो 'भाइब्स' मिल्यो । कलाकारहरुबीच राम्रो बोन्डिङ बन्न सक्यो भने काम पनि राम्रो हुन्छ । जसिता व्यक्तिगत र व्यावसायिक दुवै हिसाबमा राम्रो छ,' आँचलले भनिन् ।

# 'सारङ्गी'को सफलतापछि अब नाटक गर्दै विजय

काठमाडौं/फिल्म 'पूर्णबहादुरको सारङ्गी'को अनपेक्षित व्यावसायिक सफलतापछि यसका मुख्य पात्र पूर्णे अर्थात् विजय बराल अहिलेका उच्च 'डिमान्ड' भएका अभिनेता बनेका छन् । गएको २ महिनामा मात्र उनलाई एक दर्जन फिल्मको प्रस्ताव पुगिसकेको जनाइएको छ । तर, उनले तत्काल कुनै पनि फिल्म सम्झौता गरेका छैनन् । उनले पारिश्रमिक पनि झन्डै १० गुणा वृद्धि गरेको व्यापक चर्चा छ ।

अब केही महिना फिल्मबाट विश्राम लिने सोचमा रहेका विजयले यो बीचमा 'हरि हजुरबा' नामक नाटकमा अभिनय गर्ने भएका छन् । केही दिनयता उनी यही नाटकको रिहर्सलमा व्यस्त छन् । आगामी पुष ४ गते (बिहीबार)बाट थापागाउँस्थित मण्डला थिएटरमा मञ्चन हुन लागेको नाटकमा विजय हजुरबाको भूमिकामा देखिने जानकारी प्राप्त छ ।

अभिनेता नाजिर हुसेनको लेखन, परिकल्पना तथा निर्देशन रहेको नाटकमा उनी स्वयंको पनि अभिनय रहनेछ । रियुल्साङ, सबिना थापा, रोहित शाह, सुजना पाण्डे, मनिष पाण्डे र रिसु राउत पनि कलाकारको रूपमा छन् । यसका निर्माता भने दयाहाङ राई र बुद्धि तामाङ हुन् । आगामी पुष २८ गतेसम्म नाटक मञ्चन हुनेछ ।

नाटकले द्वन्द्वले पारेको प्रभाव र मानवीय सम्बन्धको गहिराइलाई उजागर गर्नेछ । गाउँगाउँमा चिठी पुऱ्याउँदै हिँड्ने हुलाकी केटो हरि र द्वन्द्वमा हराएकी नातिनीलाई पर्खिरहेका हजुरबाको कथामा नाटक आधारित छ । कविताबाट उत्प्रेरित रहेको कथालाई नाटकको संरचनामा प्रस्तुत गर्न लागिएको निर्देशक हुसेनले बताए । उनले यसअघि 'कुरूप हाँस' नाटक निर्देशन गरेका थिए ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# मउवा संघमा अग्रवालको उम्मेदवारी घोषणा



साझाकुरा संवाददाता

हेटौंडा, ३० मंसिर/ मकवानपुर उद्योग वाणिज्य संघको आसन्न निर्वाचनमा संघका वरिष्ठ उपाध्यक्ष अनिल अग्रवालले अध्यक्ष पदमा उम्मेदवारीको आधिकारिक घोषणा गरेका छन् । आईतबार सचिवालय उद्‌घाटनसँगै उनले अध्यक्ष पदमा आफ्नो उम्मेदवार रहेको घोषणा गरेका हुन् ।

अग्रवालका आमा रमादेवी अग्रवालले रिवन काटेर सचिवालयको उद्‌घाटन गरेकी थिइन् । उद्‌घाटनसँगै उम्मेदवार अग्रवालले उपस्थित भएका उद्योगी व्यवसायीलाई सम्बोधन गर्दै सबैको साझा समस्यामा आफू सधैं उभिने प्रतिवद्धता व्यक्त गरेका थिए । सदस्य हुँदै वरिष्ठ उपाध्यक्षसम्मको यात्रामा साथ दिने सबैलाई धन्यवाद व्यक्त गर्दै आगामी निर्वाचनमा अध्यक्ष पदमा मतदान गरी सहयोग गर्न उनले आग्रह गरेका छन् ।

उनले टिमको प्रतिवद्धता र पूर्ण टिमको घोषणा छिट्टै गरिने बताउँदै उद्योगी र व्यवसायीको हकहितमा आफू सदैब लाग्ने बताए । संघमा आमन्त्रित सदस्य हुँदै समितिमा प्रवेश गरेका अग्रवाल दुईपटक कार्यसमिति सदस्य र दुईपटक सहकोषाध्यक्ष हुँदै एकपटक कोषाध्यक्ष भएर आफ्नो जिम्मेवारी पूरा गरेका छन् । हाल उनी संघको वरिष्ठउपाध्यक्ष हुन् । वाणिज्यतर्फको उपाध्यक्षमा निर्वाचित भई अध्यक्ष कृष्णकुमार गुप्ता अग्रवालले उनलाई वरिष्ठउपाध्यक्ष बनाएका थिए ।

१७ वर्षदेखि संघमा रहेर काम गरिरहेका अग्रवाल कपडा व्यवसायी हुन् । व्यवसायी मात्र नभई उनले विभिन्न सामाजिक क्षेत्रमा पनि लगानी गर्दै आइरहेका छन् । लायन्स, जेसीज, सहकारी, स्वास्थ्यलगायतक्षेत्रमा सक्रिय रहेका अग्रवालले उम्मेदवारी घोषणा गर्दै तीन तहकै सरकारसँगको सहकार्य र समन्वय गरी व्यवसायीको पक्षमा वकालत गरिने बताए ।

# लोकसेवाको आपत्तिपछि प्रहरी नेतृत्व चयनको कोर्स करेक्सन

काठमाडौं, ३० मंसिर/ ९ मंसिरमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपाल सम्बन्धी कानुनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयक मन्त्रिपरिषद्‌मा पेश भयो । त्यसको तीन सातापछि गत शुक्रबार केही संशोधनसहित उक्त विधेयक पास भएको छ । अब संसदबाट पनि पास भएपछि उक्त विधेयकले ऐनको मान्यता पाउनेछ । योसँगै नेपाल प्रहरी ऐन र सशस्त्र प्रहरी ऐनहरू विस्थापित हुनेछन् ।

तर मन्त्रिपरिषद्मा पेश भएको उक्त विधेयकमा दुवै संगठन (नेपाल प्रहरी र सशस्त्र प्रहरी) का प्रमुख तथा आईजी नियुक्ति बारे गरिएको व्यवस्थाको विषयमा लोकसेवा आयोगले भने लिखित रूपमै असहमति राखेको राखेको थियो । प्रस्तावित विधेयकमा सशस्त्र प्रहरी बलको प्रमुख नियुक्तिका लागि दुई र प्रहरीको हकमा भने तीन जनाको नाम सिफारिस गर्ने उल्लेख गरिएको छ । तर यसरी नाम सिफारिस गर्ने समितिमा लोक सेवा आयोगलाई बाइपास गरिएको छ ।

गृहमन्त्रालयको कानुन शाखाका प्रमुख तथा सहसचिव भर तमणि रिजालका अनुसार आईजीको बढुवा सिफारिस समितिमा गृहमन्त्रालयका सचिव, प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयका सचिव र प्रहरी महानिरीक्षक सदस्य रहेको समिति रहने प्रस्ताव उल्लेख गरिएको छ । यसअघिसम्म आईजीमा बढुवाका लागि सिफारिस समिति रहने व्यवस्था थिएन । एआईजीहरू मध्येबाट र एआईजी नभएको अवस्थामा डीआईजीहरू मध्येबाट सरकारले आईजी नियुक्त गरिन्थ्यो । आईजी नियुक्तिका लागि विभिन्न आधारहरू नियमावलीमा उल्लेख गरिएको थियो । तर अहिले भने लोकसेवा आयोगलाई समेत बाइपास गरेर बढुवा सिफारिस समिति रहने र २ जना र ३ जनालाई क्रमश: आईजीको रूपमा प्रस्ताव गर्ने प्रस्तावित ऐनमा उल्लेख गरिएको थियो ।

प्रस्तावित ऐनमा उल्लेखित यी बुँदाले प्रहरी संगठनमा व्यवसायिकता गौण बन्ने भन्दै सुरक्षाका जानकारहरूले त्यस्तो प्रावधान हटाउन सुझाव दिएका थिए । उनीहरूको तर्क थियो, 'यस्तो व्यवस्थाले प्रहरी प्रमुख नियुक्तिमा दलीयकरण हावी हुने, सक्षम र योग्य व्यक्ति नेतृत्वमा पुग्न नसक्ने, क्षमतावान भन्दा पनि सत्ता रिझाउनेहरू प्रहरी प्रमुख बन्ने सम्भावना बढी हुन्छ र संगठनमा व्यवसायिकता गौण बन्छ ।'

पूर्व गृहसचिव तथा लोकसेवा आयोगका पूर्वअध्यक्ष उमेश मैनाली यो प्रस्ताव जस्ताको तस्तै पारित भए प्रहरीमा दलीयकरण हावी हुने बताएका थिए । गृहले प्रहरीमा आफ्नो प्रभुत्व देखाउने नाममा लोकसेवालाई बाइपास गर्नु राम्रो नभएको उनको बुझाइ छ ।

'एक त अहिलेसम्म आईजी नियुक्तिमा सिफारिस भन्ने छैन, यो नयाँ भयो' मैनालीले संचारकर्मीसँग भने, 'त्यहाँमाथि लोकसेवालाई नै बाइपास गरेर सिफारिस समिति बनाएपछि फेयर हुन्छ भन्ने विश्वास नै हुँदैन । यो प्रहरीमा हुने दलीयकरणको नमूना हो भनेर हामीले पनि सुझाव दिएका थियौं ।' लोकसेवा आयोगले पनि यो बुँदामा लिखित रूपमै असहमति जनाएको थियो । सुरक्षा मामलाका जानकार तथा विज्ञहरूले समेत सिफारिस समितिलाई लोकसेवाले आपत्ति गरेको विषय उठान गरेपछि गत शुक्रबारको मन्त्रिपरिषद् बैठकको विधेयक समितिले आईजी सिफारिस समिति नराख्ने निर्णय गरेको छ । गृह स्रोतले भन्यो, 'आईजी सिफारिस समिति हटाउने निर्णय भएको छ । अब विधेयक जतिसक्दो चाँडो संसदमा पठाउँछौं ।'

सिफारिस समिति राख्दा लोकसेवा आयोगलाई अनिवार्य रूपमा सहभागी गराउनुपर्ने तर्क लोकसेवा आयोगको थियो । मैनालीले लोकसेवाको निष्पक्षताबारे प्रहरीकै उदाहरण दिए । २०७३ चैतमा सरकारले जयबहादुर चन्दलाई आईजीमा बढुवा गरेको थियो । चन्दलाई आईजीपीमा बढुवा गर पछि फुली नलगाउँदै भोलिपल्ट आईजीका अर्का प्रतिस्पर्धी नवराज सिलवालले सर्वोच्चमा रिट दायर गरेका थिए । सर्वोच्चमा पेश भएको कार्यसम्पादन मूल्यांकनमा सिलवाल एक नम्बरमा थिए । प्रहरीको कर्मचारी प्रशासन शाखा, गृह र लोकसेवा गरी तीन ठाउँमा हुने कासमू राखिएको हुन्छ ।

तर, लोकसेवामा रहेको सिलबन्द कार्य सम्पादन मूल्याङ्कन हेर्दा प्रकाश अर्याल पो पहिलो नम्बरमा देखिए । योसँगै सर्वोच्चको आदेश अनुसार अर्याललाई आईजी बनाइएको थियो । 'नवराज सिलवाल र जयबहादुर चन्दको आईजी प्रकरणमा म आफैं लोकसेवाको अध्यक्ष थिएँ । त्यतिबेला फरक कासमू भेटिएपछि लोकसेवामा रहेको सिलबन्द कासमू फाइल हेर्दा अर्याल पहिलो नम्बरमा रहेछन् र उनी नै आईजी भए' मैनालीले संचारकर्मीसँग, 'त्यसकारण लोकसेवालाई बाइपास गरेर समिति बनाउनु भनेको बढुवाका लागि मोलमोलाईको बाटो खुला राख्नु हो । अहिले यो करेक्स्न भएको हो भने राम्रो हो ।'

नयाँ ऐनको प्रस्तावमा आईजी नियुक्ति सिफारिस गर्दा २ र ३ जनालाई सिफारिस गर्ने भन्ने प्रस्तावले सुरक्षा संगठन समस्या निम्तने सुरक्षा निकायका अधिकारीहरू बताउँछन् । 'यसले समयमै बढुवा हुन नसक्ने, संगठनमा विधिसम्मत र स्वस्थ अभ्यास हुन नसक्ने, पूर्वानुमान योग्य, न्यायोचित र पारदर्शी हुन नसक्ने, वरियता, वरिष्ठता समेत मिचिन सक्ने सम्भावना पनि उत्तिकै रहन्छ,' उनीहरू भन्छन् ।

**पदावधिमा भने असन्तुष्टि**

नयाँ ऐनको मस्यौदामा दुवै प्रहरी संगठनको ३० वर्षे सेवावधि हटाउनुका साथै उमेर र पदावधिका कारण मात्रै अवकाश हुने उल्लेख गरिएको छ । जसमा आईजीको चार वर्षे पदावधिलाई घटाएर ३ वर्षमा झारिएको छ । एआईजीको पनि समान ३ वर्ष पदावधिको प्रस्ताव गरिएको छ । प्रहरीका दुवै संगठनका विद्यमान ऐन/नियमावलीमा भने आईजीको चार वर्ष र एआईजीको पाँच वर्ष पदावधि थियो ।

अहिले प्रस्तावित ऐनमा आईजी र एआईजीको समान तीन वर्षे पदावधिको प्रस्ताव गरिएपछि संगठनभित्र असन्तुष्टि देखिएको छ । आईजी, एआईजी एकैपटक अवकाशमा जाँदा भ्याकुमको अवस्था सिर्जना हुने भन्दै यसअघि जस्तै आईजीको भन्दा एआईजीको पदावधि बढी हुनुपर्ने संगठनका सदस्यहरूको गुनासो छ । सशस्त्र प्रहरीको एसएसपीभन्दा माथिल्लो दर्जाका अधिकृतहरूको बैठकले पनि आईजीको ३ वर्ष, एआईजीको ४ वर्ष र डीआईजीको ५ वर्ष पदावधि हुनुपर्ने भन्दै सुझाव दिएको थियो । तर, मन्त्रालयमा पुगेपछि उक्त सुझावलाई रातो लगाउँदै आईजी र एआईजीको समान तीन वर्षे पदावधि राखिएको थियो । शुक्रबारको मन्त्रीपरिषद् बैठकले भने यसबारे कुनै निर्णय नगरी दुवै प्रहरी संगठनमा आईजी र एआईजीको पदावधि समान ३ वर्ष रहने व्यवस्थालाई नै सदर गरेको छ ।

**पहिलो नम्बरको ज्येष्ठता तेस्रो नम्बरमा झर्‍यो**

विद्यमान प्रहरी नियमावली अनसार दुवै प्रहरी संगठनमा आईजीमा बढुवाका आधारमध्ये पहिलो नम्बरमा ज्येष्ठता राखिएको छ । त्यसमा ज्येष्ठता, कार्यदक्षता, कार्यकुशलता, उत्तरदायित्व बहन गर्न सक्ने क्षमतालाई आधार मान्दै आईजीमा बढुवा गरिने उल्लेख छ ।

*(स्रोत: अनलाइनखबर)*

# बागमती प्रदेश लिग फुटबल हेटौंडामा

साझाकुरा संवाददाता

हेटौंडा, ३० मंसिर/ अखिल नेपाल फुटबल संघ (एन्फा)को वार्षिक कार्यक्रमअनुसार बागमती प्रदेश लिग फुटबल प्रतियोगिता हेटौंडामा १० पुसबाट सञ्चालन हुने भएको छ ।

बागमती प्रदेश फुटबल संघ (एन्फा)को आयोजनामा हुने फुटबल प्रतियोगिताको समन्वय मकवानपुर जिल्ला फुटबल संघ तथा स्थानीय प्रतिभा युवा क्लब र पिप्ले युवा क्लबको सहकार्यमा बागमती प्रदेश लिग फुटबल प्रतियोगिता हुन लागेको हो । जिल्ला लिगका बिजेता टिमले प्रदेश लिगमा सहभागी हुनेछन् । प्रतियोगिता हेटौंडा-५, स्थित पिप्ले क्याम्पा रंगशालामा हुने अखिल नेपाल फुटबल संघ (एन्फा)का बागमती प्रदेश महासचिव लबराज ठकुरीले जानकारी दिए ।

प्रतियोगितामा बागमती प्रदेशका ११ जिल्लाका क्लबहरु सहभागी हुनेछन् । खेल लिगकम नकाउटका आधारमा हुने छ । प्रतियोगीता बिजेता र उपविजेता टिमले प्रेसिडेन्ट कप खेल्ने अवसर पाउनेछन् । खेलमा बिजेता उपबिजेतालगायत विधागत उत्कृष्ट खेलाडीलाई शिल्ड, मेडल तथा प्रमाणपत्रका साथै नगद पुरस्कार प्रदान गरिने छ । यसअघि पहिलो सस्करणको प्रदेश लिग नुवाकोटमा भएको थियो ।

# एमाले हेटौंडा नगर अध्यक्षमा २ जनाको प्रतिस्पर्धा



साझाकुरा संवाददाता

हेटौंडा, ३० मंसिर/ नेपाल कम्युनिष्ट पार्टी (एमाले) हेटौंडा उपमहानगरपालिका कमिटीको अध्यक्षमा दुई जनाबीच चुनावी प्रतिस्पर्धा हुने भएको छ ।

नगर अधिवेशनअन्तर्गत् अध्यक्षका लागि चारजनाको उम्मेदवारी परेकोमा इन्द्र नेपाल र नवराज खतिवडाले मनोनयन फिर्ता लिएका छन् । अब बोलबहादुर कार्की र जेन श्रेष्ठबीच चुनावी प्रतिस्पर्धा हुने भएको हो । ३ सय ३४ जना प्रतिनिधि रहेको अधिवेशनबाट ८१ सदस्यीय हेटौंडा उपमहानगर कमिटी निर्माण गर्ने प्रमुख निर्वाचन अधिकृत अर्जुन अर्यालले जानकारी दिए ।

यस्तै, अध्यक्षमा मात्र नभई उपाध्यक्ष, सचिवलगायतका पदाधिकारीमा पनि चुनावी प्रतिस्पर्धा हुने देखिएको छ । उपाध्यक्षमा ईन्द्रप्रसाद खतिवडा, धनबहादुर मुक्तान, राजकुमार बास्तोला रहेका छन् । सचिवमा प्रकाश बानियाँ र शान्ता गौतम 'प्रदीप' छन् । उपसचिव (खुल्ला)मा अर्जुनप्रसाद अर्याल, कवि रेग्मी, सुरेश मिजार, शान्तेकुमार लामा तामाङ, शिवबहादुर थापाबीच पनि प्रतिस्पर्धा हुने भएको छ । उपसचिव महिलामा चन्द्रावती पनेरु अधिकारी, जुना दंगाल र रञ्जिता सिलवाल रहेका छन् ।

# संस्कृति संरक्षण गर्न सामूहिक रुपमा य:मरि पुन्हि मनाइयो



साझाकुरा संवाददाता

हेटौंडा, ३० मंसिर/ संस्कृति संरक्षण गर्न मकवानपुरका नेवार समुदायले सामूहिकरुपमा य:मरि पुन्हि मनाएका छन् । जिल्लाका विभिन्न स्थानमा आइतबार नेवार समुदायले योमरी बनाएर सामूहिकरुपमा वितरण गरेर पर्वलाई मनाएका हुन् ।

नेवा: गुठी खल: हेटौंडा उपमहानगरपालिका-११ को आयोजनामा हेटौंडा-११ नवलपुरमा य:मरि पुन्हि पर्व मनाइएको छ । कार्यक्रममा नेकपा एमालेका प्रमुखसचेतक महेश बर्तौलाको प्रमुख आतिथ्य तथा हेटौंडा-११ की वडाअध्यक्ष जुना दाहालको विशिष्ट आतिथ्य रहेको थियो । कार्यक्रम नेवा: गुठी खल: हेटौंडा-११ की अध्यक्ष शर्मिला श्रेष्ठको अध्यक्षतामा भएको थियो ।

उनका अनुसार नेवारी परिकार योमरी, बारा, अचार करिब ३ सय जनालाई नि:शुल्क वितरण गरिएको थियो । कार्यक्रममा नेवा: गुठी खल: मकवानपुरका अध्यक्ष अनिल खड्गे, उपाध्यक्ष मेनका श्रेष्ठ, महासचिव देवकुमार श्रेष्ठ, नेवा: देय् दबु हेटौंडाकी अध्यक्ष प्रतिमा श्रेष्ठ, टोल विकास वडा समन्वय समितिका नअध्यक्ष यज्ञबहादुर आचार्यलगायतको आतिथ्य रहेको थियो ।


## मोटरसाइकल हरायो

मिति २०८१ साल मंसिर २० गते हेटौंडा-२ बिजयमार्ग स्थित आफ्नै निवासको अगाडी आँगनमा पार्किङ्ग गरिरहेको अवस्थाबाट १६:०० बजेको सयममा मेरो निम्न व्यहोराको मोटरसाइकल हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा खबर गरिदिनु हुन अनुरोध गरिन्छ ।

**मोटरसाइकल नम्बर:** बा प्र-०३-००५ प ६९९४
**मोटरसाइकल धनीको नाम:** सुमिर मानन्धर, हेटौंडा-२, मकवानपुर
**मोटसाइकलको ब्राण्ड (नाम):** DUKE, २०० सीसी
**मोटरसाइकलको रंग:** कालो/सेतो
**चेचिस नम्बर:** MD2JPCXL7M1049504
**इन्जिन नम्बर:** M93625387
**सम्पर्क फोन नम्बर:** ९८४५६८८३३३


# पर्यटन व्यवसायी सहकारीको साधारणसभा



साझाकुरा संवाददाता

हेटौंडा, ३० मंसिर/थाहा नगरपालिकाको थानाबजारमा कार्यालय रहेको ग्रामीण पर्यटन व्यवसायी सहकारी संस्था लिमिटेडको १५ औं वार्षिक साधारणसभा भएको छ ।

शिखरकोटस्थित विकास घरमा भएको साधारणसभा थाहा नगरपालिका सहकारी शाखाप्रमुख अस्मिता तिवारी घिमिरेको प्रमुख आतिथ्यता रहेको थियो । सभामा संस्थाका सचिव प्रदीप केसीले प्रतिवेदन पेश गर्दै संस्थाको सेयर रकम ५२ लाख ५० हजार पुगेको बताए । त्यसैगरी ऋण लगानी १ करोड ३४ लाख ३ हजार तथा बैंकमौज्दात ५५ लाख ४६ हजार रहेको प्रतिवेदनमार्फत् सचिव केसीले जानकारी गराए ।

सभामा सचिव केसीले आर्थिकवृद्धि गर्न शेयरवृद्धि, तथा ऋण सुरक्षणका लागि विनाधितो ऋणप्रवाह नगर्ने प्रस्ताव सभाले पारित गरेको छ । सभामा कोषाध्यक्ष दीपा थापाले आर्थिक प्रतिवेदन प्रस्तुत गर्दै संस्थाको वार्षिक करोबार १ करोड ६१ लाख पुगेको जानकारी गराइन् । कोषाध्यक्ष थापाले संस्थाको साधारण बचत, दैनिक बचत, आवधिक बचतलगायत अन्य खाता तथा ऋण लगानी र असुली नीति संचालनमा आइरहेको सभामा जानकारी गराइन् ।

साधारणसभाको अवसरमा विभिन्न विधामा उत्कृष्टता घोषणा गरी सदस्यलाई सम्मानित गरिएको थियो । सम्मानित हुनेमा उत्कृष्ट कर्जातर्फ थाहा नगरपालिका-३ कि लक्ष्मी खत्री, मनलाल गोपाली र थाहा-४ का धुम्मबहादुर लामालाई नगद सहित सम्मान गरिएको थियो । दैनिक बचततर्फ थाहा नगरपालिका-३ कि अन्जु मोक्तान, कमला गोले र सुनिल गोलेलाई सम्मान गरिएको थियो । सभामा उत्कृष्ट विद्यार्थी बचततर्फ थाहा नगरपालिका-३ कि एरिका सेढाईलाई र उत्कृष्ट वृद्धबचत सम्मानबाट थाहा नगर पालिका-४ कि मायादेवी अधिकारी र अमरबहादुर खत्रीलाई सम्मान गरिएको थियो ।

संस्थाका अध्यक्ष शिवहरि बर्तौलाको सभाध्यक्षतमा भएको साधारणसभामा तथा निवर्तमान अध्यक्ष निरन्जन अधिकारीको विशिष्ट आतिथ्यता रहेको थियो । कार्यक्रममा प्रेस सेन्टर थाहानगर अध्यक्ष शम्भु अधिकारी, थाहा नगर पालिका-३ का वडासदस्य सविता सुनार, संस्थापक उपाध्यक्ष प्रेमकुमार केसी, संस्थापक कोषाध्यक्ष इन्द्रध्वज अधिकारी, उपाध्यक्ष गणेश लामा, लेखा समिति संयोजक राजाराम रायमाझी, कोषाध्यक्ष दीपा थापा, ऋण समिति संयोजक अच्युत केसी, व्यवस्थापक अमृता हमाललगायत उपस्थिति रहेको थियो ।

# पालुङ बहुउद्देश्यीयको बज्रवाराही सेवा केन्द्रको साधारणसभा



साझाकुरा संवाददाता

हेटौंडा, ३० मंसिर/ पालुङ बहुउद्देश्यीय सहकारी संस्थाको बज्रवाराही सेवाकेन्द्रस्तरीय २५ औं वार्षिक साधारणसभा शनिबार भएको छ ।

कार्यक्रमका प्रमुखअतिथि थाहा नगरप्रमुख विष्णुबहादुर बिष्टले नगरपालिका भित्र छरिएर रहेका सहकारी एकीकरण हुनुपर्नेमा जोड दिएका थिए । उनले सहकारीको वर्तमान अवस्थामा देखिएको समस्याको निरुपण गर्न सहकारीको मर्जमा जाने बिकल्प रहेको बताउदै सहकारी राम्रो बनाउन सेयरसदस्यहरु चनाखो हुनुपर्ने बताए । उनले थाहा नगरपालिकाले व्यवस्थित रुपमा सहकारीको अनुगमन र नियमन गर्ने प्रतिवद्दता व्यक्त गर्दै पालुङ बहुउद्देश्यीय सहकारी सम्पूर्ण थाहा नगरबासीको भरपर्दो संस्था रहेको बताए ।

पालुङ बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष कृष्णबहादुर बिष्टको अध्यक्षतामा भएको साधारणसभामा विभिन्न सहकारी संस्थाका प्रतिनिधि तथा बज्रवाराही सेवाकेन्द्र अन्तर्गत रहेका सेयर सदस्यको उपस्थिति रहेको थियो । संस्थाले यस बर्षदेखि हेटौंडा, बज्रवाराही र मुख्य कार्यालयमा छुट्टाछुट्टै साधारणसभा गर्दैछ ।

मुख्य साधारणसभा भने संस्थाको २५ औं स्थापना दिवसको अवसर पारेर मुख्य कार्यालय रहेको स्थान थानाबजारमा पौष ९ गते बिबिध कार्यक्रम सहित गर्ने संस्थाका मुख्य व्यवस्थापक प्रकाश पौडेलले जानकारी दिएका छन् ।


## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

**हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)**

सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना